का.जि.प्र.का.द.नं. १००/०५२/६०
१८ कात्तिक २०८३
बुधबार
4 November 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २७८। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

हस्तक्षेपको उल्झनमा प्रहरी

विवादले साख जोगाउनै कठिन



आइजिपी दानबहादुर कार्की पछिल्लो समय आन्तरिक विवादसँगै पदमुक्तिको दबाबमा छन्। एकपछि अर्को गर्दै विवादको घेरामा परेपछि जेनजी आन्दोलनमा गिरेको प्रहरीको साख उठाउन थप कठिन भएको छ। २०४८ सालबाट सुरु भएको राजनीतिक हस्तक्षेपले प्रहरी संगठनमा विवाद र अन्तरकलह झाँगिदै गएको छ।



राजनीतिक नेतृत्वले कानुनको शासन होइन मेरो शासन मान्नुपर्छ भन्ने सोचका साथ प्रहरी संगठनलाई खेलौना बनाएका छन्। प्रहरी प्रमुखमाथि लागेको आरोपको छानबिन गर्ने काम सरकारको हो।

रमेश खरेल
पूर्वडिआइजी

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १७ कात्तिक

गत शुक्रबार नेपाल प्रहरीले पत्रकारसँग समाचारको स्रोत खोज्ने नाममा गरेको गैरकानुनी पक्राउ र धरपकडको विषयले प्रहरी र सरकारबीचको टकराव थप सतहमा ल्याइदिएको छ। प्रहरीका महानिरीक्षक (आइजिपी) दानबहादुर कार्की पछिल्लो समय आन्तरिक विवादसँगै पदमुक्तिको दबाबमा छन्। पछिल्लोपटक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उनलाई हटाउने प्रयास गरेको थियो। सोही कारण कार्कीलाई एकपछि अर्को गर्दै विवादको घेरामा तान्ने प्रयत्न भएको नेपाल प्रहरीका अधिकारीहरू बताउँछन्।

सरकारका प्रवक्ता सस्मित पोखरेलले भने सरकारबाट पत्रकार पक्राउको आदेश नभएको दाबी गरे। 'पत्रकार पक्राउ सरकारसँग पूर्ण अनुमति लिएर गरेको होइन,' उनले भने, 'त्यसमा सरकार वा प्रधानमन्त्रीज्यूलाई केही थाहा थिएन। प्रहरीले आफ्नो आन्तरिक सूचना चुहावट भएको भएर सोधपुछका लागि गरेको हो।' तर प्रहरीले भने प्रधानमन्त्री कार्यालयको चासोलाई सम्बोधन गर्नेक्रममा केही पत्रकार पक्राउ गरेको बताएको छ।

यो घटनाले सरकार र प्रहरीबीचको तालमेल नमिलेको देखिन्छ। आइजिपी कार्कीलाई सरकारी नेतृत्वबाट राजीनामा दिलाउने प्रयास भए पनि रास्वपाको नेतृत्वले असहमति जनाएपछि तत्काल निर्णय हुन नसकेको गृह मन्त्रालय स्रोतको दाबी छ। 'आइजिपी कार्कीलाई राजीनामा दिन सुझाएको र राजीनामा नदिए क्याबिनेटमै प्रस्ताव जानसक्ने कुरा आएको थियो,' ती अधिकारीले मध्यान्हसँग भने, 'तर अहिलेलाई त्यो खड्को टरेको देखिन्छ।'

सरकारले हटाउन सक्ने हल्लाकैबीच प्रहरी प्रमुख कार्कीले प्रहरीको नीति समन्वय समिति (पिसिसी) बैठक बोलाए। सो बैठकमा प्रहरी महानिरीक्षक दानबहादुर कार्की र उनकै ब्याचीसमेत पृष्ठ २ मा

हस्तक्षेप पुरानै

प्रहरी संगठनमा यसअघि पनि यस्ता विवाद आउने गरेका छन्। प्रहरी संगठनको इतिहासमा गृहमन्त्री वामदेव गौतमले वहालवाला प्रहरी प्रमुख हटाएका थिए। त्यसपछि अहिले कार्कीलाई हटाउन खोजिएको छ। तत्कालीन गृहमन्त्री गौतमले सुन तस्करलाई भित्र्याउनका लागि प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेललाई हटाएर आफूअनुकूलको आइजिपी ल्याएको पूर्वडिआइजी रमेश खरेलले बताए। गौतमले २०५३ चैत २१ मा खरेललाई हटाएर ध्रुवबहादुर प्रधानलाई आइजिपी बनाएका थिए। उनले अच्युतकृष्णलाई अनुसन्धान विभागको प्रमुख पदमा सरुवा गरेका थिए। आइजिपीलाई दरबन्दी नै नभएको स्थानमा सरुवा गरेको यो पहिलो घटना थियो। खरेललाई आइजिपी भएको ३६औं दिनमा हटाइए पनि सर्वोच्च अदालतले उनलाई पुनरागमन गर्न आदेश दिएपछि पुनः आइजिपीको जिम्मेवारीमा फर्किएका थिए। यद्यपि नेपाल प्रहरीभित्र प्रजातन्त्र प्राप्तिदेखि नै राजनीतिक हस्तक्षेप सुरु भएको पूर्वप्रहरी अधिकारीहरू बताउँछन्। पृष्ठ २ मा

१४ वर्षमा २५ सत्याग्रह

सम्झौता हुन्छ कार्यान्वयन हुँदैन

चिकित्सा शिक्षा सुधारका लागि ऐन बन्यो, आयोग गठन भयो र सरकारसँग पटकपटक सम्झौता भए। तर कार्यान्वयनमा कमजोरी दोहोरिँदा डा. गोविन्द केसी फेरि अनशनमा छन्। गेटाको सिट निर्धारण, पदाधिकारीको स्वार्थको द्वन्द्व र छात्रवृत्ति अहिलेका मुख्य विवाद हुन्।





डा. केसीको मागलाई सम्बोधन गर्न मिल्छ भने पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्‍यो। सकिँदैन भने आपसी समझदारीमा एउटा निर्णय गर्नुपर्छ। यसरी पटक-पटक अनशन बस्न बाध्य पार्नु दुर्भाग्य हो।

डा. बद्री रिजाल
अध्यक्ष, नेपाल चिकित्सक संघ

सपना बोहरा/मध्यान्ह
काठमाडौं, १७ कात्तिक

चिकित्सा शिक्षा र स्वास्थ्य सेवामा सुधार, सरकारी मेडिकल कलेजको विस्तार तथा सर्वसाधारणको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न १४ वर्षदेखि संघर्षरत प्रा.डा. गोविन्द केसी फेरि सत्याग्रहमा छन्। विगतमा सरकारसँग भएका सहमति कार्यान्वयन नभएको, चिकित्सा शिक्षा आयोगका निर्णयमा स्वार्थको द्वन्द्व देखिएको र आवश्यक पूर्वाधार तथा जनशक्तिबिनै चिकित्सा शिक्षा कार्यक्रम सञ्चालन गर्न अनुमति दिइएको भन्दै उनले २५औं सत्याग्रह सुरु गरेका हुन्।

कात्तिक १२ गते बिहीबार साँझ ५ बजे इलामको नारायणस्थान मन्दिर परिसरबाट सुरु भएको उनको सत्याग्रह यसपटक पनि चिकित्सा शिक्षाको गुणस्तर, नियमनमा निष्पक्षता, छात्रवृत्ति, सार्वजनिक स्वास्थ्य संस्थाको सञ्चालन र सरकारी मेडिकल कलेज स्थापनाका विषयमा केन्द्रित छ। माग सम्बोधन गर्न दिएको थप समयसीमासमेत सकिएपछि सत्याग्रह सुरु गरेको केसीले बताएका छन्। सत्याग्रहको तेस्रो पृष्ठ २ मा




रसेलको राज

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)मा मंगलबार जनकपुर बोल्ट्सविरुद्ध जित निकाल्ने क्रममा विराटनगर किंग्सका अलराउन्डर आन्द्रे रसेल नायक बने। रसेलकै उत्कृष्ट अलराउन्ड प्रदर्शनमा विराटनगरले प्रतियोगितामा दोस्रो जित हात पार्‍यो। ब्याटिङतर्फ ५२ रनको अर्धशतकीय इनिङ खेलेका रसेलले बलिङतर्फ ४ विकेट हात पारे। एनपिएल सिजन-३ मा ४ खेल खेल्दा १४१ रन जोडेका रसेल सर्वाधिक रन बनाउने खेलाडीको सूचीको दोस्रो स्थानमा छन्। बलिङतर्फ ६ विकेट लिएका रसेलभन्दा अगाडि ७ विकेट लिएका खेलाडीहरू मात्र छन्।

माधवमाथि थपियो मुद्दा

सरल र भ्रष्टाचारविरोधी छवि बनाएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालमाथि प्रधानमन्त्रीकालका दुई जग्गा सट्टापट्टा प्रकरणमा भ्रष्टाचारको मुद्दा लागेको छ। पतञ्जलि काण्डको अन्तिम सुनुवाइ नजिकिँदै गर्दा अर्को मुद्दा थपिएको छ।



मध्यान्ह संवाददाता
काठमाडौं, १७ कात्तिक

झन्डै १५ वर्ष नेकपा एमालेको नेतृत्व गरेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेपाली राजनीतिका प्रभावशाली वामपन्थी नेता मानिन्छन्। २०६२/६३ को जनआन्दोलनमा गिरिजाप्रसाद कोइरालापछिका प्रमुख नेताका रूपमा नेपाल सक्रिय थिए। दशक लामो माओवादी सशस्त्र द्वन्द्वलाई शान्तिपूर्ण राजनीतिक प्रक्रियामा ल्याउने प्रयासमा पनि उनले मध्यमार्गी भूमिका खेले। सादगी जीवनशैली उनको पहिचान हो। उनी आफूलाई भ्रष्टाचारविरोधी नेता भन्न रुचाउँछन्। उनै नेता नेपाल राजनीतिक जीवनको उत्तरार्धमा भ्रष्टाचारका गम्भीर मुद्दाले घेरिएका छन्।

२०६६ साल जेठमा प्रधानमन्त्री हुँदा भएका निर्णयसँग सम्बन्धित दुईवटा जग्गा सट्टापट्टा प्रकरणमा उनीमाथि मुद्दा दर्ता भएका छन्। एउटा मुद्दा अन्तिम सुनुवाइको चरणमा छ भने अर्को मंगलबार मात्रै दर्ता भएको हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार नेपाल र पूर्वमन्त्री मीनेन्द्रप्रसाद रिजालसहित ९७ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। मोरङको रिजाल क्यानिङ एन्ड कम्पनीलाई हदबन्दी छुटमा दिइएको जग्गा सट्टापट्टा गरी सरकारी सम्पत्तिमा हानि पुऱ्याएको आरोपमा आयोगले ७३ करोड ४९ लाख ५६ हजार रुपैयाँ बिगो मागदाबी गरेको छ। यसअघि नै नेपाल पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनी पृष्ठ २ मा

टाइमलाइनमा रिजाल क्यानिङ जग्गा प्रकरण

२०३२ साल
फलफूल प्रशोधन उद्योग सञ्चालन गर्ने सर्तमा कम्पनीले ५९ बिघा ९ कट्ठा १२ धुर जग्गा हदबन्दी छुटमा पायो।

२०४८ साल
सर्त पूरा नभएको भन्दै सरकारले ५५ बिघा २ कट्ठा ७ धुर जग्गा जफत गर्ने निर्णय गऱ्यो।

२०५४ साल
सर्वोच्च अदालतले जफत गर्ने निर्णय बदर गर्दै कानुनबमोजिम प्रक्रिया अघि बढाउन आदेश दियो।

२०६३ साल
विराटनगरका दुई कित्ताको ४ बिघा ५ कट्ठा ९ धुर जग्गा कम्पनीका नाममा फुकुवा गरियो।

२०६६ साल
प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकारका पालामा जग्गा सट्टापट्टाको प्रस्ताव अघि बढ्यो। पुस १६ गते सामाजिक समितिबाट निर्णय भएको अख्तियारको आरोप छ।

कारोबार
विराटनगरको जग्गा ८ करोड ३८ लाख ६२ हजार ५०० रुपैयाँमा बिक्री गरी बानिगाममा १२ लाख ८५ हजार रुपैयाँको जग्गा खरिद गरिएको अख्तियारको दाबी छ।

मुद्दा
अख्तियारले ९७ जनाविरुद्ध ७३ करोड ४९ लाख ५६ हजार रुपैयाँ बिगो मागदाबी गरेको छ।

रिजाल क्यानिङ सरकारी जग्गा सट्टापट्टाको विवाद

नेपालमाथि मंगलबार दर्ता भएको नयाँ मुद्दा मोरङको रिजाल क्यानिङ एन्ड कम्पनीसँग सम्बन्धित छ। फलफूल प्रशोधन उद्योग सञ्चालन गर्ने सर्तमा कम्पनीले २०३२ सालमा सुनसरी र मोरङमा ५९ बिघा ९ कट्ठा १२ धुर जग्गा हदबन्दी छुटमा पाएको थियो।

तर, उद्योग सञ्चालनको सर्त पूरा नभएको भन्दै सरकारले २०४८ साल चैत २३ गते ५५ बिघा २ कट्ठा ७ धुर जग्गा जफत गर्ने निर्णय गऱ्यो। त्यसविरुद्ध परेको विवादमा सर्वोच्च अदालतले २०५४ साल जेठ २७ गते जफत गर्ने निर्णय बदर गर्दै कानुनबमोजिम प्रक्रिया अघि बढाउन आदेश दिएको थियो।

अख्तियारका अनुसार सर्वोच्चको आदेशको गलत व्याख्या गरी २०६३ साल भदौ १२ गते विराटनगरका दुई कित्ताको ४ बिघा ५ कट्ठा ९ धुर जग्गा कम्पनीका नाममा फुकुवा गरियो। आयोगको अनुसन्धानमा उक्त जग्गा फलफूल उद्योगमा प्रयोग नभएको र लामो समय खाली रहेको देखिएको छ। त्यसैले सार्वजनिक प्रयोजनमा पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

विदेशमा सम्झौताअनुसारको काम, तलब, सेवा सुविधा नपाए उजुरी गर्न आह्वान

मध्यान्ह संवाददाता
काठमाडौं, १७ कात्तिक

वैदेशिक रोजगार विभागले विदेशमा रोजगारीका क्रममा सम्झौताअनुसारको सेवा सुविधा नपाएको अवस्थामा म्यानपावर कम्पनीविरुद्ध उजुरी गर्न आह्वान गरेको छ। वैदेशिक रोजगारीमा रहेका श्रमिकको राहत तथा उद्धारसम्बन्धी अत्यन्त जरुरी सूचना सार्वजनिक गर्दै विभागले विदेशमा रोजगारीका क्रममा सम्झौताअनुसारको काम, तलब, सेवा सुविधा तथा कार्य वातावरण नपाएको, रोजगारदाताबाट दुर्व्यवहार, शोषण वा अन्याय भोग्नुपरेको अथवा अन्य कुनै समस्यामा परेको अवस्थामा विभागको आधिकारिक वेबसाइटमार्फत अनलाइन गुनासो दर्ता गर्न सकिने जनाएको छ। विभागले वैदेशिक पृष्ठ २ मा

प्रेमिकाको हत्या अभियोगमा नेपाली सुरक्षागार्ड मलेसियाको अदालतमा उपस्थित

तिलोचन गौतम/मध्यान्ह
क्वालालम्पुर, १७ कात्तिक

मलेसियाको राजधानी क्वालालम्पुरमा आफ्नै प्रेमिकाको हत्या गरेको अभियोगमा ४४ वर्षीय नेपाली सुरक्षागार्ड बलबहादुर तामाङविरुद्ध स्थानीय मजिस्ट्रेट अदालतमा मुद्दा दर्ता भएको छ।

गत महिना क्वालालम्पुरको जालान हाङ कस्तुरीस्थित एक होटलको कोठामा २४ वर्षीया नेपाली युवती सन्ध्या तामाङको हत्या गरेको अभियोगमा उनी अदालतमा उपस्थित भएका हुन्। मृतक सन्ध्या मलेसियामा कारखानामा श्रमिकका रूपमा कार्यरत थिइन्। बलबहादुरलाई डाङ वाङ्गी प्रहरी मुख्यालयस्थित आपराधिक अनुसन्धान विभागबाट पृष्ठ २ मा

पशु वधशाला र मासु जाँच सम्बन्धी सूचना

"उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ गतेदेखि काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी सबै नगरपालिकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुँदा ऐन कार्यान्वयनमा मासु व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ"।

मासु मात्र हैन, स्वस्थ मासु खोजौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१८ कात्तिक २०८३ बुधबार
4 November 2026 Wednesday

सोलुखुम्बुमा दुई हेलिकोप्टर ठोक्किँदा एकजनाको मृत्यु, तीनजना घाइते

सोलुखुम्बु/मस-सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-४ फेरुचेमा दुई हेलिकोप्टर एकापसमा ठोक्किँदा एक भारतीय नागरिकको मृत्यु भएको छ भने तीनजना घाइते भएका छन्।

मृत्यु हुनेमा भारतको तमिलनाडु राज्यअन्तर्गत चेन्नईका ४७ वर्षीय वसन्तकुमार बलरामुडु रहेको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ। दुर्घटनापछि उनको शव प्रभु एयरको हेलिकोप्टरमार्फत लुक्ला ल्याइएको छ।



दुर्घटनामा फिस्टेल एयरका पाइलट रवीन्द्र प्रजापति, डाइनेस्टी एयरका पाइलट प्रजल केसी र भारतीय मूलका न्युजिल्यान्डका नागरिक ४९ वर्षीय सेलिसकिसन पटेल घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका सूचना अधिकारी प्रहरी निरीक्षक मौसम तामाङका अनुसार घाइते तीनैजनालाई प्रभु एयरको हेलिकोप्टरमार्फत उद्धार गरी उपचारका लागि ललितपुरस्थित मेडिसिटी अस्पताल लगिएको छ।

प्रहरीका अनुसार मंगलबार बिहान करिब ८:१० बजे फिस्टेल एयर र डाइनेस्टी एयरका हेलिकोप्टर फेरुचेस्थित हेलिप्याडमा अवतरण गर्ने क्रममा एकापसमा ठोक्किएर दुर्घटना भएको हो।

दुर्घटना हुँदा फिस्टेल एयरको हेलिकोप्टरमा चालक दलका सदस्यसहित तीनजना सवार रहेको प्रहरीले जनाएको छ।

त्रिविका शैक्षिक प्रमाणपत्र अब हुलाकमार्फत विद्यार्थीको घरमै पुग्ने

काठमाडौं/मस- त्रिभुवन विश्वविद्यालयले जारी गर्ने शैक्षिक प्रमाणपत्र तथा कार्यालयीय कागजात अब हुलाक सेवामार्फत सोझै विद्यार्थीको हातमा पुऱ्याउने भएको छ। यसका लागि त्रिभुवन विश्वविद्यालय र नेपाल सरकारको हुलाक सेवा विभागबीच सम्झौता भएको छ।

सम्झौतापत्रमा त्रिविका रजिस्ट्रार डा. रवीन्द्र शिवाकोटी र हुलाक सेवा विभागकी महानिर्देशक मनमाया भट्टराई पंगेनीले हस्ताक्षर गरेका छन्। सम्झौताअनुसार विश्वविद्यालयका विभिन्न निकायबाट जारी हुने प्रमाणपत्र तथा अन्य कागजात विद्यार्थीको फोन नम्बर र पूर्ण ठेगानाका आधारमा हुलाकमार्फत सुरक्षित रूपमा सम्बन्धित व्यक्तिसम्म पुऱ्याइनेछ। २२ बुँदे सम्झौतामा प्रमाणपत्र तथा अन्य चिठीपत्रको व्यवस्थित ढुवानी र वितरणका लागि हुलाक वस्तुलाई ट्र्याकिङ बारकोडसहित पोस्टल ट्र्याकिङ सिस्टम (पीआईटीएस) मा दर्ता गर्ने व्यवस्था गरिएको छ। यसबाट कागजात सम्बन्धित ठेगानामा पुगे-नपुगेको अनुगमन गर्न सकिनेछ। कीर्तिपुरस्थित रजिस्ट्रारको कार्यालयमा आयोजित सम्झौता हस्ताक्षर कार्यक्रममा रजिस्ट्रार शिवाकोटीले विश्वविद्यालयका सेवा हुलाकसँग जोडेर विद्यार्थीको घरदैलोसम्म पुऱ्याउने लामो समयदेखिको योजना पूरा भएको बताए।

हस्तक्षेपको...

रहेका अतिरिक्त महानिरीक्षक (एआइजी) मनोज केसीबीच असमझदारी देखिएको थियो। प्रहरी प्रमुख कार्कीलाई विवादमा तान्न केही एआइजीले चलखेल गरेको प्रहरी संगठनभित्र चर्चा छ। संगठनभित्रैबाट असहयोग भएको भन्दै कार्कीले गत बिहीबार राखेको पिसिसी बैठकमा दुईतर्फी असन्तुष्टि पोखिएको बैठकमा सहभागी एक डिआइजीले बताए।

पिसिसी बैठकमा सातवटै प्रदेशसहित उपत्याकाका डिआइजी र सबै एआइजी सहभागी थिए। बैठकमा तेस्रो वरीयतामा रहेका एआइजी मनोज केसी र आइजिपी दानबहादुर कार्कीबीच चर्काचर्की परेको स्रोतको दाबी छ। अन्य एआइजीले भने व्यक्तिले गरेको गलत कामको भागिदार स्वयं हुने भन्दै संगठनलाई नै बदनाम गर्नेगरी नेतृत्वविरुद्ध लाग्नु गलत भएको बताएका थिए। केसीले भने आइजिपीविरुद्ध भइरहेका गतिविधिबारे आफूलाई शंका गरिएको भन्दै असन्तुष्टि पोखेको बैठकमा सहभागी एक अधिकृतले बताए।

प्रहरी हिरासतमा रहेका बिचौलिया इनम सापकोटासँग आइजिपीले पनि संवाद गरेको म्यासेज फेला परेका छन्। तर ती म्यासेजमा कुनै मुद्दा-मामिलाका नभई सामान्य कुराकानी भएको पाइएको छ। यही विषयलाई लिएर आफूलाई विवादमा तान्ने प्रयास भएको भन्दै आइजिपीले बैठकमा मातहत अधिकृतहरूलाई झपारेका थिए। प्रहरी प्रमुख कार्की र उनीमातहत रहेका अतिरिक्त महानिरीक्षकबीच समेत असहिष्णुता बढेपछि थप तनावमा छन्।

जेनजी आन्दोलनताका उपत्यका प्रहरी प्रमुख (एआइजी) को जिम्मेवारीमा रहँदा फिल्डमा खटिएका प्रहरी अधिकारीलाई फिर्ता बोलाएर प्रहरी संगठनकै साख गिराएको आरोप कार्कीमाथि छ। आन्दोलनकै क्रममा कार्कीले सहकारी ठगी प्रकरणमा नख्खु काराकारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई जेलमुक्त गर्न भूमिका खेलेको आरोप लागेको थियो। जेनजी आन्दोलनमा घटेको घटनाको छानबिन गर्न बनेको गौरीबहादुर कार्की नेतृत्वको उच्चस्तरीय छानबिन आयोगमा प्रहरी अधिकृतहरूले लिखित रूपमै कार्कीको कमजोरी देखाएका थिए।

कार्की गत मंसिरमा प्रहरी प्रमुख बनेका हुन्। सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले उनलाई नियुक्त गरेको हो। आइजिपी कार्कीमाथि गत चुनावमा निर्वाचन प्रहरीको पोसाक खरिदमा भ्रष्टाचार गरेको आरोपसमेत लागेको छ। उनीविरुद्ध संसद्को सार्वजनिक लेखा समितिमा उजुरी नै परेको छ। पछिल्लोपटक बिचौलिया इनम सापकोटासँग कुराकानी भएको विषयलाई समेत जोडेर उनलाई थप विवादित बनाइएको छ। यी घटनाले प्रहरी संगठनभित्रै खैलाबैला मच्चिएको छ। देशका नागरिक, सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति सुरक्षाको जिम्मा लिएको नेपाल प्रहरी संगठनमा राजनीतिक दबाब र बिचौलिया हावी हुँदा साख गिर्दो छ।

जेनजी आन्दोलनपछि साख गिरेको नेपाल प्रहरी संगठन बिस्तारै उठ्ने कोसिस गरे पनि पछिल्लोपटक थप शिथिल अवस्थामा बन्दै गएको विज्ञहरू बताउँछन्। 'यसको पहिलो दोष सरकार नै हो,' पूर्वडिआइजी रमेश खरेल भन्छन्, 'प्रहरी प्रमुखमाथि लागेको आरोपको छानबिन गर्ने काम सरकारको हो। तर राजनीतिक नेतृत्वले नै प्रहरी संगठनको साख गिराउने काम गरेका छन्।' निर्वाचन प्रहरीको पोसाक खरिदसम्बन्धी बाहिर आएको विषयमा आइजिपीको दोष हो भने उसलाई कारबाही गर्नुपर्ने र दोषी नभएर आरोप लगाउने जो-कोहीलाई सरकारले कारबाही गर्नुपर्ने उनको तर्क छ। सांसद खगेन्द्र सुनारले लगातार लगाएको आरोपको विषयमा सरकारले चाँडो निष्कर्ष निकालेर प्रहरीको मनोबल बढाउने काम गर्नुपर्ने खरेलले बताए।

अहिलेसम्मा सबै राजनीतिक नेतृत्वले प्रहरीलाई खेलौना बनाएको खरेलले दाबी गरे। 'राजनीतिक नेतृत्वले कानुनको शासन होइन, मेरो शासन मान्नुपर्छ भन्ने सोचका साथ प्रहरी संगठनलाई खेलौना बनाएका छन्,' उनले भने, 'राज्यले प्रहरीलाई कानुनी शासनमा जिम्मेवार बनाउनुपर्ने हो, तर आफूअनुकूल चलाउने काम गरे।'

सबै प्रहरीलाई एउटै बास्केटमा राख्न नहुने भन्दै उनले प्रहरी संगठनभित्रका इमानदार व्यक्तिलाई प्रमोसन र फटाहालाई कारबाहीको नीति अवलम्बन गर्नुपर्ने बताए।

हस्तक्षेप...

शेरबहादुर देउवाकै पालामा आइजिपी मोतीलाल बोहरादेखि नै प्रहरीमा आन्तरिक कलह सुरु भएको पूर्वडिआइजी खरेलले बताए। 'गृहमन्त्री शेरबहादुर देउवा हुँदा त्यसबेलामा आइजिपी मोतीलाल बोहराले प्रहरी संगठनमा विवाद भित्र्याएका हुन्,' उनले भने, 'त्यसबेलाबाट थालनी भएको आन्तरिक विवाद र कलह अहिलेसम्म कायमै छ। यसले प्रहरी संगठनको मोरल डाउन गरेको छ।'

पछिल्लोपटक श्यामभक्त थापालाई आइजिपीबाट हटाएर राजेन्द्रबहादुर सिंहलाई आइजिपी बनाउने तयारी भए पनि एआइजी राजेन्द्रबहादुर सिंहले नमानेको प्रहरी संगठनको इतिहास छ। २०७९ वैशाख १८ गते शेरबहादुर देउवा नेतृत्वको सरकारले वरीयता मिचेर तेस्रो नम्बरका धीरजप्रताप सिंहलाई आइजिपी बनाएको थियो। त्यसबेला पहिलो नम्बरका एआइजी विश्वराज पोखरेल थिए। पहिलो वरीयतामा रहेका प्रहरी अतिरिक्त महानिरीक्षक विश्वराज पोखरेललाई आइजिपी नबनाई तेस्रो वरीयतामा रहेका धीरजप्रताप सिंहलाई आइजिपी बनाउने निर्णयले प्रहरी संगठनलाई विवादमा ल्याएको थियो।

१४ वर्षमा...

दिन स्वास्थ्यमा समस्या देखिएपछि उनलाई इलाम अस्पताल भर्ना गरिएको थियो। कात्तिक १७ गते सोमबार अवस्था थप गम्भीर भएपछि नेपाली सेनाको हेलिकोप्टरबाट काठमाडौं ल्याएर त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा उपचार सुरु गरिएको छ। चिकित्सकका अनुसार उनको रगतमा ग्लुकोजको मात्रा घटेर ३५ मिलिग्राम प्रतिडेसिलिटर पुगेको थियो। मुटुको धड्कन अनियमित हुनु, पिसाबमा एसिटोनको मात्रा बढ्नु र श्वासप्रश्वासमा समस्या देखिनु पनि स्वास्थ्य जटिलताका रूपमा उल्लेख गरिएको छ।

नेपाल चिकित्सक संघका अध्यक्ष डा. बद्री रिजालले केसीको जीवन रक्षाका लागि सरकारसँग आग्रह गरेका छन्। 'एकजना चिकित्सक समग्र स्वास्थ्य क्षेत्रको हितका लागि माग पूरा गराउन बारम्बार अनशन बस्नुपर्ने अवस्था आउनु दुर्भाग्य हो,' उनले भने।

उनले केसीका माग सम्बोधन गर्न सकिने भए पूर्ण रूपमा कार्यान्वयन गर्न र नसकिने भए कारणसहित आपसी समझदारीमा निर्णय गर्नुपर्ने बताए। 'यसरी पटक-पटक अनशन बस्न बाध्य पार्नु हुँदैन,' उनले भने।

शिक्षा तथा खेलकुद मन्त्रालयले भने केसीका माग सम्बोधनका लागि यसअघि नै समिति गठन भइसकेको जनाएको छ। मन्त्रालयका प्रवक्ता श्रीप्रसाद भट्टराईले चिकित्सा शिक्षा सुधार नीतिगत र कानुनी प्रक्रियाबाट हुने विषय भएकाले एकैपटक सबै समस्या समाधान नहुने बताए। 'केही निर्णय भयो भने थाहा पाइहाल्नुहुन्छ। यो एकैपटक सुधार हुने कुरा पनि होइन,' उनले भने। मन्त्रालयले अनौपचारिक छलफल अघि बढाए पनि मंगलबारसम्म नयाँ वार्ता समिति गठन भएको थिएन।

डिन नियुक्तिबाट सुरु भएको आन्दोलन

डा. केसीको आन्दोलन २०६९ सालमा त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान (आइओएम)को डिन नियुक्तिमा वरिष्ठता र योग्यताको आधार लागू गर्नुपर्ने मागबाट सुरु भएको थियो। १४ वर्षमा उनका मागको दायरा विस्तार हुँदै चिकित्सा शिक्षामा राजनीतिक हस्तक्षेप, मेडिकल कलेजको सम्बन्धन, शुल्क नियन्त्रण, छात्रवृत्ति, सरकारी मेडिकल कलेज विस्तार र नियमनकारी संस्थाको निष्पक्षतासम्म पुगेको छ।

२०७२ सालमा प्रा. केदारभक्त माथेमाको संयोजकत्वमा चिकित्सा शिक्षासम्बन्धी उच्चस्तरीय कार्यदल गठन हुनु र त्यसले प्रतिवेदन बुझाउनु आन्दोलनको एउटा महत्त्वपूर्ण उपलब्धि थियो। २०७५ सालमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन जारी भयो। चिकित्सा शिक्षा आयोग गठन भयो। साझा प्रवेश परीक्षा, शुल्क नियमन, सिट निर्धारण र छात्रवृत्ति व्यवस्थापनका संस्थागत प्रक्रिया पनि अघि बढे।

तर ऐन र आयोग बनेपछि पनि विवाद रोकिएन। सम्बन्धन, सिट निर्धारण, पूर्वाधार, जनशक्ति, पदाधिकारी नियुक्ति र सरकारी मेडिकल कलेज सञ्चालनका विषयमा पटकपटक प्रश्न उठिरहे। २०८३ साउनमा भएको २४औं सत्याग्रह सातबुँदे सहमतिमा टुंगिएको थियो। त्यसको तीन महिनाभित्रै उनी फेरि सत्याग्रहमा उत्रिएका छन्।

गेटामा ९० सिटको विवाद

यसपटकको सत्याग्रहको तत्कालीन कारण चिकित्सा शिक्षा आयोगले कैलालीको गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा विभिन्न शैक्षिक कार्यक्रमका लागि ९० सिट निर्धारण गर्नु हो। आयोगले एमबिबिएसका ५०, बिएस्सी नर्सिङका २०, मेडिकल ल्याबोरेटरी टेक्नोलोजीका १० र बी अप्टोमेट्रीका १० सिट निर्धारण गरेको छ।

केसीले आवश्यक पूर्वाधार, प्राज्ञिक जनशक्ति र कानुनी मापदण्ड पूरा नभई सिट निर्धारण गरिएको आरोप लगाएका छन्। विभिन्न मेडिकल कलेजमा मापदण्डविपरीत बढाइएका सिटसमेत खारेज गर्नुपर्ने उनको माग छ।

आयोगले भने विशेषज्ञ टोलीको निरीक्षण प्रतिवेदनका आधारमा सिट निर्धारण गरिएको जनाएको छ। आगामी शैक्षिक सत्रका लागि स्वमूल्यांकन फाराम बुझाएका ९० संस्थामध्ये ८४ संस्थामा सिट निर्धारण गरिएको आयोगको भनाइ छ। सरकारले सार्वजनिक मेडिकल कलेजमा मात्रै सिट वृद्धि गरिएको र निजी कलेजको सिट यथावत् राखिएको जनाएको छ।

सरकारले गेटामा शैक्षिक कार्यक्रम सुरु हुनुलाई सुदूरपश्चिममा सार्वजनिक चिकित्सा शिक्षा विस्तारको अवसर मानेको छ। केसीले भने सिट थपिनु मात्र सुधार नभई त्यहाँ पढ्ने विद्यार्थीले गुणस्तरीय शिक्षा पाउने आधार तयार हुनुपर्ने बताएका छन्।

गेटामा २४औं सत्याग्रह अन्त्य गर्दा सरकारले कम्तीमा ३०० शय्याको शिक्षण अस्पताल पूर्ण क्षमतामा सञ्चालन गर्ने, आवश्यक चिकित्सक, प्राध्यापक र अन्य जनशक्ति भर्ना गर्ने, उपकरण खरिद गर्ने तथा पाठ्यक्रम स्वीकृत गरी शैक्षिक कार्यक्रम अघि बढाउने सहमति गरेको थियो। तर अस्पताल पूर्ण क्षमतामा सञ्चालन नभई शैक्षिक कार्यक्रम अघि बढाइएको केसीको आरोप छ।

यस विवादको निरूपण अस्पतालको नाममा ३०० शय्या उल्लेख छ कि छैन भन्ने आधारमा मात्र हुन सक्दैन। तीमध्ये कति शय्या नियमित सञ्चालनमा छन्, कति विशेषज्ञ चिकित्सक र नर्स कार्यरत छन्, कुन विभागमा बिरामीको उपचार भइरहेको छ र विद्यार्थीका लागि पर्याप्त क्लिनिकल अभ्यासको अवसर छ कि छैन भन्ने तथ्य सार्वजनिक हुनुपर्छ।

पदाधिकारी नियुक्तिमा स्वार्थको प्रश्न

केसीको माग गेटाको सिट निर्धारणमा मात्रै सीमित छैन। उनले चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा. देवेन्द्रबहादुर खत्री, सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयका उपकुलपति डा. सुनीलकुमार जोशी र रजिस्ट्रार भीमबहादुर चन्दलाई निलम्बन गरी नियुक्ति प्रक्रिया, शैक्षिक योग्यता, अनुभव र निर्णय प्रक्रियाबारे उच्चस्तरीय निष्पक्ष छानबिन गर्न माग गरेका छन्।

आयोगका पदाधिकारीसँग सम्बन्धित संस्थामा सिट वृद्धि भएको तथा सिट निर्धारण प्रक्रियामा पारिवारिक सम्बन्ध भएका व्यक्तिको संलग्नताबारे पनि उनले प्रश्न उठाएका छन्। यी आरोप स्वतन्त्र छानबिनबाट पुष्टि भइसकेका छैनन्। तर चिकित्सा शिक्षाको गुणस्तर, सम्बन्धन र सिट निर्धारण नियमन गर्ने निकायमाथि नै स्वार्थको द्वन्द्वको प्रश्न उठेपछि त्यसको निष्पक्ष परीक्षण आवश्यक हुन्छ। नियमनकारी निकायको विश्वसनीयता कायम राख्न निर्णय प्रक्रिया पारदर्शी हुनुपर्छ। पदाधिकारी नियुक्तिदेखि सिट निर्धारणसम्मका निर्णयमा स्वार्थ बाझिएको छैन भन्ने आधार आयोगले सार्वजनिक गर्न सक्नुपर्छ।

छात्रवृत्ति र सरकारी मेडिकल कलेजको विस्तार

चिकित्सा शिक्षा महँगो हुनु विद्यार्थी र अभिभावकको पुरानै समस्या हो। एमबिबिएस अध्ययनको शुल्क ४० देखि ४४ लाख रुपैयाँसम्म रहेको सार्वजनिक विवरणले पनि चिकित्सा शिक्षा सबै आर्थिक वर्गका विद्यार्थीको सहज पहुँचमा नरहेको देखाउँछ।

सरकारी मेडिकल कलेजमा ७५ प्रतिशत सिट छात्रवृत्तिका लागि छुट्याउने व्यवस्था छ। निजी मेडिकल कलेजमा भने सामान्यतया १० देखि २० प्रतिशत विद्यार्थीले छात्रवृत्ति पाउने गरेको विवरण सार्वजनिक भएको छ। केसीले सरकारी तथा सार्वजनिक स्रोत प्रयोग हुने संस्थामा कम्तीमा ७५ प्रतिशत छात्रवृत्तिको व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने माग गरेका छन्।

छात्रवृत्तिको व्यवस्था कागजमा हुनु र योग्य विद्यार्थीले त्यसको लाभ पाउनु फरक विषय हो। कति विद्यार्थीले छात्रवृत्ति पाए, कुन मापदण्डबाट छनोट भए र सरकारी संस्थामा सिट बढ्दा छात्रवृत्तिको संख्या पनि अनुपातमा बढ्यो कि बढेन भन्ने विवरण सार्वजनिक हुनुपर्छ।

सरकारी चिकित्सा शिक्षा संस्थाको भौगोलिक विस्तार पनि केसीका पुराना मागमध्ये एक हो। उनले इलाम, उदयपुर र डडेलधुरामा सरकारी मेडिकल कलेज वा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने सहमति कार्यान्वयन गर्न माग गरेका छन्। मधेश प्रदेशको बर्दिवास मेडिकल कलेज निर्माण आयोजना खारेज गर्ने निर्णय बदर गरी निर्माण अघि बढाउनुपर्ने उनको माग छ।

सरकारले सुर्खेत, बुटवल र बर्दिवासमा चिकित्सा शिक्षा संस्थाका पूर्वाधार विकास भइरहेको जनाएको छ। तर आयोजना घोषणा हुनु, बजेट विनियोजन हुनु, भवन निर्माण हुनु, अस्पताल सञ्चालन हुनु र नियमित शैक्षिक कार्यक्रम सुरु हुनु फरक-फरक चरण हुन्। वर्षौंअघि घोषणा भएका आयोजना अझै सञ्चालनमा आउन नसक्नु सार्वजनिक लगानीको प्रभावकारितासँग जोडिएको प्रश्न हो।

सातबुँदे सहमति कार्यान्वयनको प्रश्न

गत साउन ११ गते सरकार र केसीबीच भएको सातबुँदे सहमतिमा चिकित्सा शिक्षा सुधारका अतिरिक्त सुशासन, भ्रष्टाचार नियन्त्रण र २०८२ भदौ २३ र २४ गतेका घटनाको निष्पक्ष छानबिनसमेत समेटिएको थियो।

सहमतिअनुसार गेटामा ३०० शय्याको शिक्षण अस्पताल सञ्चालन, आवश्यक जनशक्ति र उपकरणको व्यवस्था तथा शैक्षिक कार्यक्रम सञ्चालनको तयारी गर्ने प्रतिबद्धता गरिएको थियो। विश्वविद्यालयका पदाधिकारी नियुक्तिसम्बन्धी कानुनी व्यवस्था संशोधन प्रक्रिया अघि बढाउने र चिकित्सा शिक्षा ऐन तथा निर्धारित मापदण्डअनुसार मात्रै विद्यार्थी सिट निर्धारण गर्ने सहमति पनि भएको थियो। त्यस्तै, चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ४७ अनुसार चिकित्सा शिक्षासम्बन्धी संस्थालाई क्रमशः गैरनाफामूलक तथा सेवामूलक बनाउने व्यवस्थाबारे ६ महिनाभित्र अध्ययन गरी प्रतिवेदन पेस गर्ने प्रतिबद्धता गरिएको थियो। तर सहमतिका विषयको एकीकृत प्रगति विवरण सार्वजनिक नहुँदा कुन काम पूरा भयो र कुन बाँकी छ भन्ने स्पष्ट छैन।

उपलब्धिको दाबी र कार्यान्वयनको वास्तविकता

शिक्षा तथा खेलकुद मन्त्रालयले चिकित्सा शिक्षा क्षेत्रमा भएका सुधारलाई आफ्नो उपलब्धिका रूपमा प्रस्तुत गरेको छ। मन्त्रालयका अनुसार राष्ट्रिय चिकित्सा शिक्षा ऐन जारी हुनु, आयोग गठन हुनु, साझा प्रवेश परीक्षा सञ्चालन हुनु, सिट निर्धारण र छात्रवृत्ति व्यवस्थापन हुनु महत्त्वपूर्ण संस्थागत उपलब्धि हुन्। कर्णाली र सुदूरपश्चिममा चिकित्सा शिक्षाका कार्यक्रम अघि बढेको तथा सुर्खेत, बुटवल र बर्दिवासमा पूर्वाधार विकास भइरहेको पनि मन्त्रालयको भनाइ छ।

सरकारले ऐन, आयोग र संस्थागत प्रक्रिया अघि बढ्नुलाई उपलब्धि मानेको छ। केसीले भने ती संरचनाले व्यवहारमा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा सुनिश्चित गरे कि गरेनन् भन्ने प्रश्न उठाएका छन्। उनका अनुसार ऐन बन्नु नीतिगत उपलब्धि हो, तर ऐनअनुसार काम हुनु कार्यान्वयन हो। विश्वविद्यालय स्थापना हुनु उपलब्धि हो, तर अस्पताल पूर्ण रूपमा सञ्चालन हुनु सेवा उपलब्धता हो। सिट निर्धारण हुनु अवसर विस्तार हो, तर आवश्यक शिक्षक र क्लिनिकल अभ्यास सुनिश्चित हुनु गुणस्तरको आधार हो। चिकित्सा शिक्षा सुधारका लागि १४ वर्षमा ऐन बने, आयोग गठन भयो, विभिन्न कार्यदल बने र सरकारसँग पटकपटक सहमति भए। तर हरेक नयाँ सत्याग्रहले पुरानै विषयलाई पुनः बहसमा ल्याइरहेको छ। यसले समस्या नीतिको अभावमा मात्र नभई कार्यान्वयन र अनुगमनमा पनि रहेको देखाउँछ।

माधवमाथि...

नेपालको जग्गा सट्टापट्टा प्रकरणमा भ्रष्टाचार मुद्दा खेपिरहेका छन्। प्रधानमन्त्री रहेकै बेला भएको मन्त्रिपरिषद्को निर्णयसँग जोडिएको उक्त मुद्दाको अन्तिम सुनुवाइका लागि विशेष अदालतले कात्तिक २० गतेको मिति तोकेको छ। एक मुद्दाको सुनुवाइ नजिकिँदै गर्दा अर्को मुद्दा थपिनुले नेपालको राजनीतिक जीवनलाई पुनः कानुनी घेरामा ल्याएको छ।

पतञ्जलि प्रकरण : प्रधानमन्त्रीकालकै निर्णय

पतञ्जलि प्रकरणमा अख्तियारले नेपालसहित ९३ जनालाई प्रतिवादी बनाएको छ। काभ्रेको साँगास्थित पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनीलाई हदबन्दीभन्दा बढी जग्गा बिक्री तथा सट्टापट्टा गर्न दिने निर्णयमा प्रधानमन्त्रीका रूपमा नेपालले भूमिका खेलेको आयोगको आरोप छ। उनीबाट १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो असुल गर्नुपर्ने माग गरिएको छ।

अख्तियारका अनुसार, २०६६ साल माघ १८ गते नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले पतञ्जलिलाई हदबन्दीभन्दा बढी जग्गा बिक्री तथा सट्टापट्टा गर्न अनुमति दिएको थियो। त्यसअघि माघ १७ गते प्रधानमन्त्रीका रूपमा नेपालले दिएको निर्देशनलाई पनि आयोगले अनुसन्धानको आधार बनाएको छ।

सार्वजनिक सम्पत्तिलाई निजी तथा संस्थागत हितमा प्रयोग गर्न सहयोग पुऱ्याएको अख्तियारको दाबी छ। नेपालले भने आफूविरुद्धको मुद्दालाई राजनीतिक प्रतिशोध भन्दै आएका छन्। अब अदालतले आरोप र प्रतिवादको परीक्षण गर्नेछ।

रिजाल...

आउनुपर्ने जग्गा निजी कम्पनीका नाममा फुकुवा गरिएको अख्तियारको निष्कर्ष छ।

कम्पनीले विराटनगरको जग्गा ८ करोड ३८ लाख ६२ हजार ५०० रुपैयाँमा बिक्री गरेको थियो। त्यसको सट्टामा मोरङको बानिगामामा १२ लाख ८५ हजार रुपैयाँमा जग्गा किनेको अख्तियारको दाबी छ। बानिगामाको जग्गा खोलाको बहाव क्षेत्रमा रहेको र सडक तथा अन्य पूर्वाधारको अभाव रहेको आयोगले जनाएको छ।

जग्गा सट्टापट्टाको प्रस्ताव २०६६ साल कात्तिक १५ गते भूमिसुधार मन्त्रालयबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेको थियो। मुख्यसचिव र प्रधानमन्त्रीमार्फत मन्त्रिपरिषद्मा पुगेको प्रस्ताव सामाजिक समितिमा पठाइएको थियो। तत्कालीन सामाजिक समितिका संयोजक मीनेन्द्रप्रसाद रिजालले २०६६ साल पुस १६ गते सट्टापट्टाको निर्णय गरेको अख्तियारको आरोप छ।

सार्वजनिक जग्गा हुनुपर्ने जानकारी हुँदाहुँदै नेपालले प्रस्ताव मन्त्रिपरिषद्मा अघि बढाएको आयोगको दाबी छ। रिजालमाथि पनि कम्पनीका सञ्चालकसँग पारिवारिक सम्बन्ध हुँदाहुँदै निर्णय प्रक्रियामा सहभागी भएर निजी लाभ पुग्ने गरी निर्णय गरेको आरोप छ।

यस मुद्दामा तत्कालीन भूमिसुधारमन्त्री डम्बर श्रेष्ठ, मुख्यसचिव माधवप्रसाद घिमिरे, भूमिसुधार मन्त्रालयका तत्कालीन सचिव छविराज पन्त, सहसचिव रमेशचन्द्र अधिकारीसहित विभिन्न सरकारी अधिकारी प्रतिवादी छन्। जग्गा कारोबारमा संलग्न कम्पनीका सञ्चालक तथा जग्गासम्बन्धी सिफारिस र प्रतिवेदनमा भूमिका खेलेका केही विद्यालयका प्रधानाध्यापक पनि मुद्दामा समेटिएका छन्।

अख्तियारले ९७ जनाविरुद्ध ७३ करोड ४९ लाख ५६ हजार रुपैयाँ बिगो माग गरेको छ। बिगो असुली, जरिवाना र कैद सजायको माग गरिएको छ। केही प्रतिवादीका हकमा बिगो असुलीको माग मात्र छ। मृत्यु भइसकेका व्यक्तिका कानुनी हकवालाबाट बिगो भराउन पनि आयोगले माग गरेको छ। विवादित जग्गा विभिन्न व्यक्ति, कम्पनी र संस्थाका नाममा पुगेकाले ती जग्गा जफत गरी सरकारको नाममा कायम गर्नुपर्ने मागदाबी छ। नेपाल अहिले नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक छन्। राजनीतिक नेतृत्वको जवाफदेहिता भाषण र छविले मात्रै मापन हुँदैन। सार्वजनिक पदमा रहँदा गरिएका निर्णयको जवाफ पनि दिनुपर्छ। नेपालका हकमा अहिले त्यही प्रश्न अदालतमा पुगेको छ। यद्यपि, दुवै मुद्दामा उनीमाथिका आरोप प्रमाणित भइसकेका छैनन्। अदालतको फैसलापछि मात्रै कानुनी निष्कर्ष निस्कनेछ।

विदेशमा...

रोजगारीमा रहेका श्रमिक स्वयं वा नेपालमा रहेका निजका परिवारका सदस्य तथा आफन्तले समेत गुनासो दर्ता गर्न सक्ने व्यवस्था गरिएको जनाएको छ। विदेशमा अलपत्र परेका, उद्धार गर्नुपर्ने, राहत तथा सहयोग आवश्यक भएका वा अन्य कुनै कारणले तत्काल सरकारी सहजीकरण आवश्यक पर्ने श्रमिकका सम्बन्धमा समेत उक्त पोर्टलमार्फत जानकारी तथा अनुरोध पठाउन सकिने विभागले बताएको छ।

गुनासो दर्ता गर्दा श्रमिकको नाम, राहदानी नम्बर, हाल कार्यरत मुलुक, रोजगारदाता वा इजाजतपत्र प्राप्त संस्थाको विवरण, सम्पर्क नम्बर तथा समस्याको संक्षिप्त विवरण उल्लेख गरी सम्भव भएसम्म सम्बन्धित प्रमाणसमेत संलग्न गर्न विभागले आग्रह गरेको छ। विभागमा प्राप्त गुनासो तथा उद्धारसम्बन्धी अनुरोधको प्रारम्भिक अध्ययन तथा आवश्यक समन्वयको प्रक्रिया तीन कार्यदिनभित्र प्रारम्भ गरिने जनाएको छ। साथै, श्रमिकको हक, हित, सुरक्षा, राहत तथा उद्धारका लागि विभाग प्रतिबद्ध रहेको दाबीसमेत गरेको छ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्ष तथा विभाग समन्वय समिति संयोजक लक्ष्मण पौडेलले विभागमा रहेका उजुरी विश्लेषण गर्ने हो भने ९५ प्रतिशत ठगीका उजुरी व्यक्तिगत रूपमा दर्ता भएको बताए। उनले म्यानपावर कम्पनीका कारण समस्यामा पर्ने श्रमिकको संख्या ठुलो नरहेको भन्दै व्यक्तिगत तर्फको ठगीलाई एउटै डालोमा हालेर हेर्न नहुने बताए।

केही श्रमिक स्वेच्छाले करार अवधि नसकिँदै घर फर्किएर आएपछि सांसद, सरकार र जनप्रतिनिधिको प्रयोग गरी म्यानपावर कम्पनीविरुद्ध बिना प्रमाण उजुरी दर्ता गराएर व्यवसायीलाई दबाब दिने गरिएको भन्दै यसका कारण व्यवसायीसमेत समस्यामा परेको उनले बताए।

प्रेमिकाको...

कडा प्रहरी सुरक्षाबीच अदालत परिसरमा ल्याइएको थियो। अदालतमा उनलाई मलय भाषामा अभियोगपत्र पढेर सुनाइएको थियो। उनले मजिस्ट्रेट फाएजाहनुर हसनसमक्ष आफूले अभियोग बुझेको बताएका थिए।

अभियोगअनुसार बलबहादुरले गत अक्टोबर ९ गते राति १० बजेर ४६ मिनेटदेखि अक्टोबर १० गते दिउँसो २ बजेर ३४ मिनेटको बीचमा जालान हाङ कस्तूरीस्थित होटलको कोठामा सन्ध्याको हत्या गरेको आरोप छ।

मलेसियाको दण्ड संहिताको धारा ३०२ अन्तर्गत उनीमाथि हत्या अभियोग लगाइएको हो। उक्त कसुर प्रमाणित भएमा मृत्युदण्ड वा ३० देखि ४० वर्षसम्मको जेल सजाय तथा कम्तीमा १२ कोर्रा हान्ने सजाय हुन सक्ने कानुनी व्यवस्था छ।

अदालतमा हतकडीसहित उपस्थित भएका बलबहादुरलाई अभियोग सुनाइए पनि हत्या मुद्दा उच्च अदालतको क्षेत्राधिकारमा पर्ने भएकाले उनीबाट औपचारिक रूपमा दोषी वा निर्दोष भएको बयान लिइएन। सरकारी अभियोजनकर्ता अमृतप्रीत कौर रन्धावाले उक्त अपराध धरौटीमा छुट्न नमिल्ने प्रकृतिको भएकाले धरौटी प्रस्ताव नगरेको बताइएको छ। अदालतले पनि उनलाई धरौटीमा रिहा गर्न अस्वीकार गरेको छ।

मृतकको पोस्टमार्टम, विषविज्ञान परीक्षण, रासायनिक परीक्षणलगायत सम्बन्धित प्रतिवेदन अद्यावधिक गर्न अदालतले आगामी जनवरी १९ का लागि अर्को सुनुवाइको मिति तोकेको छ।

UAE मा रोजगार | Skill Crew Hospitality Services LLCSOC, Dubai, UAE
पूर्व स्वीकृति मिति : २०८३।०७।१७ चलानी नम्बरः- ६०२६३०१९ Lt No: 349801

क्र.सं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रु	हप्तामा काम गर्ने दिन	प्रतिदिन काम गर्ने घण्टा	ओभर टाइम सुविधा	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Housekeeping Attendants	11	-	कामको दक्षता	1200	४९,५३६।-	६ दिन	८ घण्टा	श्र. ऐ. अनुसार		छ		२ वर्ष
2.	Cleaner	15	04		1000	४१,२८०।-							

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने	स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता	हवाई टिकट कसले दिने र कति लाग्ने	भीसा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखीकरण तालिम शुल्क	कल्याणकारी कोष व्यवस्था	सेवा शुल्क
कामदार आफैं	दिने	कामदार आफैं	कम्पनीले	निःशुल्क	निःशुल्क	कामदार स्वयं रु. ७००।-	कामदार स्वयं रु. ५,५००।-	निःशुल्क

अन्तर्वार्ता २०८३ कात्तिक २५ गते (11 November, 2026) मेनपावर कार्यालय तिनकुनेमा हुनेछ।
ब्रोडलिंक ओभरसिज प्रा. लि.
तिनकुने, काठमाण्डौ, फोन नं. ५१९९३७८, Email: broadlink907@gmail.com
श्रम इजाजत नं. ९०७/०६७/६८

प्रेस काउन्सिल र नागरिक उड्डयनसम्बन्धी ऐन संशोधन गर्न अध्यादेश ल्याउने सरकारको निर्णय



काठमाडौं/मस– सरकारले प्रेस काउन्सिल नेपाल र नागरिक उड्डयनलगायतका कानुन संशोधन गर्न अध्यादेश जारी गर्ने प्रक्रिया अघि बढाएको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले सम्बन्धित अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो।

सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्दै प्रेस काउन्सिल नेपाल ऐन, २०४८ संशोधन गर्न बनेको अध्यादेश र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनलगायत केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय भएको जानकारी दिए। बैठकले लामो समयदेखि समाधान हुन नसकेको मोही जग्गासम्बन्धी समस्या टुंग्याउन समयसीमा थप गर्ने निर्णयसमेत गरेको छ। जग्गाधनी र मोहीले जग्गा बाँडफाँट गरी लिन निवेदन दिन पाउने अवधि २०८५ साल कात्तिकसम्म र त्यससम्बन्धी प्रक्रिया पूरा गरी कारबाही टुंग्याउनुपर्ने समय २०८६ साल असारसम्म थप गरिएको प्रवक्ता पोखरेलले बताए।

उक्त निर्णय कार्यान्वयनका लागि आवश्यक सूचना नेपाल राजपत्रमा प्रकाशित गर्न पनि मन्त्रिपरिषद्ले स्वीकृति दिएको छ।

त्यसैगरी, कृषि क्षेत्रको उत्पादन र व्यवस्थापनलाई व्यवस्थित बनाउने उद्देश्यले नानो फर्टिलाइजर, बायोस्टिमुलेन्ट तथा व्यावसायिक रूपमा उत्पादन र बिक्री वितरण हुने जैविक एवं प्रांगारिक मललाई आवश्यक पदार्थको सूचीमा समावेश गर्ने निर्णय भएको छ। यससँगै मल नियन्त्रण आदेशसमेत स्वीकृत गरिएको छ। मन्त्रिपरिषद् बैठकले थप प्रत्यक्ष वैदेशिक लगानीका लागि सहमति प्रदान गर्ने निर्णय पनि गरेको छ।

यसैबीच, टर्कीमा आयोजना हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिका पक्ष राष्ट्रहरूको ३१औं सम्मेलन (कोप-३१) मा नेपालको सहभागिताका लागि उच्चस्तरीय प्रतिनिधिमण्डल पठाउने निर्णय भएको छ।

परराष्ट्रमन्त्रीको नेतृत्वमा ६ देखि ८ सदस्यीय प्रतिनिधिमण्डललाई सम्मेलनमा सहभागी हुन स्वीकृति दिइएको मन्त्री पोखरेलले जानकारी दिए। मन्त्रिपरिषद्का यी निर्णयले कानुनी संशोधन, मोही जग्गा व्यवस्थापन, कृषि क्षेत्रको नियमन तथा अन्तर्राष्ट्रिय कूटनीतिक सहभागितासम्बन्धी विषयलाई समेटेका छन्।

यस वर्ष भाइटीकाको शुभसाइत बिहान ११ बजेर ७ मिनेटमा



काठमाडौं/मस– यस वर्षको भाइटिकाको शुभसाइत कात्तिक २५ गते बुधबार बिहान ११ बजेर ७ मिनेटमा रहेको जनाइएको छ। नेपाल पञ्चांग निर्णायक विकास समितिका सदस्य लक्ष्मण पन्थीका अनुसार २०८३ सालको भाइटिकाका लागि उक्त समय शुभसाइत निर्धारण गरिएको हो।

समितिका अनुसार यस वर्ष यमपञ्चक कात्तिक २० गते शुक्रबारदेखि सुरु हुनेछ। सो दिन धनत्रयोदशी (धन्तेरस) तथा यमदीपदान गरिनेछ। कात्तिक २१ गते शनिबार काग तिहार र धन्वन्तरि जयन्ती मनाइनेछ।

कात्तिक २२ गते आइतबार नरक चतुर्दशी, कुकुर तिहार र लक्ष्मीपूजा परेको छ। कात्तिक २३ गते सोमबार गाईपूजा गरिनेछ भने कात्तिक २४ गते मंगलबार गोवर्धन पूजा, गोरुपूजा, बलिपूजा, हलितिहार तथा म्हपूजा मनाइनेछ। कात्तिक २४ गतेदेखि नेपाल संवत् ११४७ समेत प्रारम्भ हुनेछ।

यमपञ्चकको अन्तिम दिन कात्तिक २५ गते बुधबार यमद्वितीया तथा भाइटिका मनाइनेछ। सो दिन दिदीबहिनीले दाजुभाइलाई टीका लगाई दीर्घायु, सुस्वास्थ्य र समृद्धिको कामना गर्ने परम्परा छ।

समितिले भाइटिकाका अवसरमा दाजुभाइ पश्चिम फर्किएर र दिदीबहिनी पूर्व फर्किएर टीका लगाउनु उपयुक्त हुने जनाएको छ।

नेपाली कम्युनिस्ट पार्टी र नेपाल कम्युनिस्ट पार्टीबीच एकता हुने



काठमाडौं/मस– नेपाली कम्युनिस्ट पार्टी र नेपाल कम्युनिस्ट पार्टीबीच पार्टी एकता गर्ने सहमति भएको छ। एकता प्रक्रियालाई औपचारिक रूपमा अगाडि बढाउने उद्देश्यसहित दुवै दलले १० बुँदे सहमतिपत्रमा हस्ताक्षर गरेका छन्।

कात्तिक १७ गते भएको सहमतिअनुसार एकीकरणपछि पार्टीको नाम 'नेपाली कम्युनिस्ट पार्टी' रहनेछ भने चुनाव चिह्न पाँचकुने तारा निर्धारण गरिएको छ। सहमतिमा पार्टीको वैचारिक आधार मार्क्सवाद-लेनिनवाद रहने उल्लेख छ। साथै, नेपाली विशेषतासहितको वैज्ञानिक समाजवादलाई क्रान्तिको मुख्य कार्यक्रमका रूपमा अघि बढाउने निर्णय गरिएको छ।

एकीकृत पार्टीले संघीय लोकतान्त्रिक गणतन्त्रको संरक्षण, राष्ट्रिय स्वाधीनताको रक्षा, सुशासन, सामाजिक न्याय, आर्थिक समृद्धि र सामाजिक रूपान्तरणलाई आफ्नो तत्कालीन राजनीतिक कार्यदिशा बनाउनेछ। पार्टीले मूलतः शान्तिपूर्ण आन्दोलनको नीति अवलम्बन गर्ने भए पनि आवश्यकताअनुसार सडक, संसद् र सरकारलगायतका विभिन्न मोर्चाबाट राजनीतिक गतिविधि सञ्चालन गर्न सक्ने सहमतिमा उल्लेख छ। पार्टी एकतापछि दुवै दलका सङ्गठनलाई समायोजन गर्दै केन्द्रीय समिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय सचिवालय, केन्द्रीय कार्य संयोजन समिति तथा अन्य केन्द्रीय संरचना गठन गरिनेछ। पार्टीका तल्लो तहका कमिटी र जनवर्गीय संगठनको समायोजनसमेत आपसी सहमतिका आधारमा गरिनेछ। त्यसैगरी, जनाइएकोआगामी स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि पार्टीको एकता राष्ट्रिय महाधिवेशन आयोजना गर्ने निर्णय भएको छ। पार्टीका सबै तहका संरचना विधि, पद्धति र जनवादी केन्द्रीयताको मान्यताअनुसार सञ्चालन गरिने सहमतिपत्रमा उल्लेख छ।

वैद्यखानाको आधुनिकीकरण गर्न दुई मन्त्रालय सहमत



काठमाडौं/मस– स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता र विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनबीच सिंहदरबार वैद्यखानाको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि र औषधि उत्पादनको गुणस्तर सुधारका विषयमा छलफल भएको छ। छलफलमा वैद्यखानाको अनुसन्धान प्रयोगशाला विकास, औषधिको गुणस्तर सुधार, निर्यातको सम्भावना र विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) का मापदण्डअनुरूप उत्पादन प्रणालीको स्तरोन्नति गर्ने विषयमा छलफल भएको हो।

वैद्यखानाको उत्पादन प्रणालीलाई व्यवस्थित, गुणस्तरीय र प्रतिस्पर्धी बनाउँदै संस्थागत क्षमता विकास गर्न दुवै मन्त्रालयबीच सहकार्य गर्ने विषयमा छलफल भएको छ। यसका लागि दुई मन्त्रालयबीच समझदारीपत्र गर्ने प्रस्तावसमेत अघि बढाइएको छ।

छलफलमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा. विकास देवकोटा र विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयका सचिव दीनानाथ मिश्रको पनि सहभागिता थियो।

जुनसुकै कम्पनीको ग्यास सिलिन्डर साट्न माग गर्दै सर्वोच्चमा रिट दर्ता



काठमाडौं/मस– देशभरका उपभोक्तालाई जुनसुकै कम्पनीको खाना पकाउने ग्यास सिलिन्डर साटेर दिन माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ। खाना पकाउने ग्यासको कृत्रिम अभाव सिर्जना गरिएको, सिलिन्डर साट्ने क्रममा उपभोक्तालाई महंगो मूल्य तिराइएको, हैरानी दिने गरिएको, ग्यासको कालोबजारी गरिएको हुनाले त्यसलाई रोक्न जुनसुकै कम्पनीको सिलिन्डर साटेर दिनुपर्ने माग गरिएको छ। अधिवक्ता विमल पोखरेलले सर्वोच्च अदालतमा रिट दर्ता गरेका हुन्।

ग्यास कम्पनी र डिलरको मिलेमतोमा ग्यासको अभाव सिर्जना गरी उपभोक्तालाई फरक कम्पनीको सिलिन्डर महंगो मूल्य तिरेर किन्न बाध्य पारिएको रिटमा उल्लेख छ। संविधानको धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने हक र धारा ४४ को उपधारा (१)प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र उपधारा (२) को गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक बञ्चित गरिएको हुनाले उपभोक्ता अधिकार सुनिश्चित गरिनुपर्ने माग गरिएको छ।

दसैं, तिहार जस्ता चाडपर्वमा कालोबजारी गरेर नागरिकबाट करोडौं ठगिएको, विद्यार्थी, मजदुर र सामान्य उपभोक्ता भोकै बस्नु परेको हुनाले जुनसुकै कम्पनीको ग्यास तत्काल साट्नका लागि अन्तरिम आदेशको माग गरिएको छ। सरकारले खाना पकाउने ग्यासलाई अत्यावश्यक सेवाअन्तर्गत राखेको छ।

दशकौं देखि उपभोक्ताहरू ग्यास कालोबजारीको सिकार हुन बाध्य भएको निवेदक पोखरेलले बताए। एउटै व्यक्ति र परिवारले कैयौं ग्यास उद्योग खोलेर सिन्डिकेट चलाएको हुनाले त्यसलाई रोक्नुपर्ने आवश्यकता रहेको जानकारी दिए। रिटको पेसी कार्तिक १८ गतेको लागि तोकिएको छ।

पर्साका ८० हजार बालबालिकालाई भिटामिन 'ए' खुवाउने लक्ष्य

लालबाबु बानिया/मध्यान्ह
पर्सा, १७ कात्तिक



काठमाडौं सरकारले राष्ट्रिय कार्यक्रमअन्तर्गत मंगलबार र बुधबार देशभरका बालबालिकालाई भिटामिन 'ए', जुकाको औषधि तथा बालभिटा वितरण अभियान सञ्चालन गरेको छ।

अभियानअन्तर्गत ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई भिटामिन 'ए' र १२ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई जुकाको औषधि खुवाईदै छ।

पर्सा जिल्लामा यस अभियानअन्तर्गत ८० हजार बालबालिकालाई भिटामिन 'ए' र ७२ हजार १०० बालबालिकालाई जुकाको औषधि खुवाउने लक्ष्य राखिएको जनस्वास्थ्य कार्यालय पर्साका पोषण कार्यक्रम प्रमुख अनिल मिश्रले जानकारी दिए।

जिल्लाका १४ स्थानीय तहमध्ये सबैभन्दा बढी वीरगञ्ज महानगरपालिकामा ३३ हजार बालबालिकालाई भिटामिन 'ए' र ३० हजारलाई जुकाको औषधि खुवाउने लक्ष्य रहेको छ।

त्यसैगरी पोखरिया नगरपालिकामा भिटामिन 'ए' ५ हजार र जुकाको औषधि ४ हजार ४००, बहुदरमाई नगरपालिकामा क्रमशः ५ हजार ४०० र ४ हजार ५०० तथा सखुवाप्रसौनी गाउँपालिकामा दुवै औषधि ४ हजार बालबालिकालाई खुवाउने लक्ष्य छ।

कालिकामाई गाउँपालिकामा २ हजार ८०० र २ हजार ५०० बालबालिकालाई भिटामिन 'ए' र २ हजार ४०० बालबालिकालाई जुकाको औषधि खुवाउने लक्ष्य राखिएको गाउँपालिकाका स्वास्थ्य संयोजक धिरजकुमार गुप्ताले बताए। उनका अनुसार कार्यक्रम कात्तिक १७ र १८ गते सञ्चालन हुनेछ। अभियानको पहिलो दिन कालिकामाई गाउँपालिकामा जनस्वास्थ्य अधिकृत रानी पण्डितले विभिन्न स्थानमा पुगेर पोषण कार्यक्रमको अनुगमन गरेकी थिइन्। त्यस्तै छिपहरमाई गाउँपालिकामा भिटामिन 'ए' ३ हजार ६०० र जुकाको औषधि ४ हजार, जगरनाथपुरमा क्रमशः ४ हजार ४०० र ४ हजार, ठोरीमा २ हजार ६०० र १ हजार ८०० तथा जिराभवानीमा २ हजार ८०० र २ हजार ४०० बालबालिकालाई औषधि खुवाउने लक्ष्य छ।

पटेर्वासुगौलीमा २ हजार ८०० र २ हजार ६००, पर्सागढी नगरपालिकामा २ हजार ६०० र २ हजार ६००, पकाहामैनपुरमा २ हजार ८०० र २ हजार ५००, धोबिनीमा ३ हजार ४०० र ३ हजार तथा बिन्दवासिनीमा २ हजार ८०० र २ हजार ५०० बालबालिकालाई क्रमशः भिटामिन 'ए' र जुकाको औषधि खुवाउने लक्ष्य रहेको छ।

पोषण कार्यक्रम प्रमुख मिश्रका अनुसार बालबालिकालाई विभिन्न रोगबाट जोगाउन तथा उनीहरूको स्वास्थ्य र पोषण अवस्था सुधार गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको हो। यसअघि पहिलो चरणको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम हरेक वर्ष कात्तिक २ र ३ गते सञ्चालन हुँदै आएको थियो। यस वर्ष दसैंको सार्वजनिक बिदाका कारण मिति परिवर्तन गरी कात्तिक १७ र १८ गते सञ्चालन गरिएको हो। सरकारले हरेक वर्ष दुई चरणमा राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन गर्दै आएको छ। पहिलो चरण कात्तिकमा र दोस्रो चरण वैशाख ६ र ७ गते सञ्चालन हुने गरेको छ।

कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेड
तेस्रो बार्षिक साधारणसभाको सूचना
(प्रथम पटक प्रकाशित मिति २०८३।०७।१८)

यस कम्पनीको मिति २०८३/०७/१५ मा बसेको सञ्चालक समितीको बैठकको निर्णयबाट यस कम्पनीको तेस्रो बार्षिक साधारणसभा निम्न लिखित मिति समय र स्थानमा निम्न लिखीत विषयहरु उपर छलफल गर्नका लागि बस्ने निर्णय भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुमा उपस्थितिको लागि हार्दिक अनुरोध गंदछौं।

सभाहुने मिति, समय र स्थान
मिति:-२०८३/०८/१३ गते आइतबार
समय:-अपरान्ह ४ बजे।
स्थान:- स्वयार होटेल, पुल्चोक ललितपुर।

छलफलका विषयहरु:-
(क) साधारण प्रस्तावहरू
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०८२/०८३ को बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरी छलफल तथा पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदनसहित कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरूसहितको वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. कम्पनी ऐन, २०६३ को दफा ११९ बमोजिम कम्पनीको आर्थिक वर्ष २०८३/०८४ को लागि बाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. सञ्चालक समितिको आर्थिक वर्ष २०८२/०८३ को बैठक भत्ता तथा अन्य सुविधाहरू अनुमोदन गर्ने तथा आर्थिक वर्ष २०८३/०८४ का लागि बैठक भत्ता तथा अन्य सुविधा निर्धारण गर्ने सम्बन्धमा।
५. विविध।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/०२/२४ मा दर्ता भएको **प्रा.लि.नं. १५०४८८** को **पेट्रो एडनोक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
प्रथम पटक प्रकाशित मिति २०८३/०७/१८

यस कम्पनीको मिति २०८३।०६।२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार सावित कम्पनी **न्यरो ल्याब्स प्रा.लि. (दर्ता नं. ३८९८४१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिनं पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।२८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **इनोभिया ल्याब्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

हकदावी सम्बन्धी ३५ दिने सूचना
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०२/०८ मा दर्ता भएको प्रा.लि.द.नं. २१५७५।०७६।०७७ को शंखमुल जोरपाटी विद्युतिय यातायात सेवा प्रा.लि. को मिति २०८३/०७/१२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
लिक्विडेटर : ज्योतिराम फुयाल
इजाजतपत्र नं. : ६४५
ठेगाना : बानेश्वर, काठमाडौं, **इमेल** : jyotiramphuyal1@gmail.com

मलेसिया र कतारमा रोजगार
कम्पनी: **SARINANI KIOSK ENTERPRISE** शहर: **MALAYSIA**
पूर्व स्वीकृत मितिः २०८३/०७/१७ चलानी नं.: ६०२६३०९९ LT. No.: 349943

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaning Worker	4	0	स. कामना दक्ष	1700	६३,२५१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी: **SARINANI TT PETROMART** शहर: **MALAYSIA**
पूर्व स्वीकृत मितिः २०८३/०७/१७ चलानी नं.: ६०२६३०९० LT. No.: 349944

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaning Worker	2	0	स. कामना दक्ष	1700	६३,२५१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी: **SEE LEA CHEONG** शहर: **MALAYSIA**
पूर्व स्वीकृत मितिः २०८३/०७/१७ चलानी नं.: ६०२६३००५ LT. No.: 349942

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaning Workers	2	0	स. कामना दक्ष	1700	६३,२५१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी: **ALFARDAN GROUP LLC** शहर: **DOHA**
पूर्व स्वीकृत मितिः २०८३/०७/१७ चलानी नं.: ६०२६३०१४ LT. No.: 350139

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guard	1	0	स. कामना दक्ष	1800	६३,२५१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार		छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ कार्तिक २५ गते (11 November 2026) **मा हुनेछ ।**

स्वदेशमा गर्ने मेडिकलको शुल्क जसले व्यहोर्ने र कति तान्ने	विदेशमा गर्ने मेडिकलको खर्च जसले व्यहोर्ने	स्वदेशमा भरिने स्याई/ठीकेत बिमा जसले व्यहोर्ने/कति तान्ने	रोजगारदाता बिमा हुने/नहुने र प्रिमियम जसले तिर्ने	कामदारलाई हवाइ टिकट जसले दिने र कति तान्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशुल्क भिसा स्टाम्पपेपर शुल्क जसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तान्ने र जसले व्यहोर्ने	कार्यागकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तान्ने र जसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४८५ कामदारसे	रोजगारदाताले	रु. ७७० कामदारसे	रु. १,४०० कामदारसे	नि:शुल्क

वैदेशिक रोजगार विनायबाट मनपावरको जानकारी :- १. आफ्नो मानमा लिएर प्रदान भईसके विदिसक भएपछि माल कम्पनीमा नई रकम बुझाउनु होला। २. आफू कार्य गर्न जाने मुलुकमा सोधी भरपाई कुटनैतिक मिसोनको समपर्क देखाउन र फोन नं. हर साथमा राख्नु होला। ३. आफू कार्यरत्नीमा पर्दा सम्पर्क गर्न सकिने ठुन्छ। ३. यस विज्ञापन (लुक्मा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगिएमा। ४. विदेश जान् अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफ्ना जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकार रहनेबारे थाहर माग सम्बोधा पाक्ना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. कामना विदेश जाएपी नेपालकै विमालेखमा प्रवेश गर्नु होला, अन्यथा दावित सम्बोधना हुनु। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सातघरामामा सम्पर्क गर्नु होला।

लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम इजाजत पत्र नं.: ८७५/०८८/०८७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३८, ५४५५१४४
Contact Person : 9802039471, 9801182638, E-mail : info@luckyhrsolution.com

UAE मा रोजगार
कम्पनी: **EVENTS SCAFFOLDING SERVICES L.L.C** शहर: **UAE**
पूर्व स्वीकृत मितिः २०८३/०७/१७ चलानी नं.: ६०२६३०५५ LT. No.: 349890

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Scaffolder Supervisor	2	0	सम्बन्धित कामना दक्ष	2500	१,०३,१५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Scaffolder	5	0		1500	६१,८५०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २५ गते (11 November 2026) **मा हुनेछ ।**

स्वदेशमा गर्ने मेडिकलको शुल्क जसले व्यहोर्ने र कति तान्ने	विदेशमा गर्ने मेडिकलको खर्च जसले व्यहोर्ने	स्वदेशमा भरिने स्याई/ठीकेत बिमा जसले व्यहोर्ने/कति तान्ने	रोजगारदाता बिमा हुने/नहुने र प्रिमियम जसले तिर्ने	कामदारलाई हवाइ टिकट जसले दिने र कति तान्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशुल्क भिसा स्टाम्पपेपर शुल्क जसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तान्ने र जसले व्यहोर्ने	कार्यागकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तान्ने र जसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४८५ कामदारसे	रोजगारदाताले	रु. ७७० कामदारसे	रु. १,४०० कामदारसे	नि:शुल्क

वैदेशिक रोजगार विनायबाट मनपावरको जानकारी :- १. आफ्नो मानमा लिएर प्रदान भईसके विदिसक भएपछि माल कम्पनीमा नई रकम बुझाउनु होला। २. आफू कार्य गर्न जाने मुलुकमा सोधी भरपाई कुटनैतिक मिसोनको समपर्क देखाउन र फोन नं. हर साथमा राख्नु होला। ३. आफू कार्यरत्नीमा पर्दा सम्पर्क गर्न सकिने ठुन्छ। ३. यस विज्ञापन (लुक्मा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगिएमा। ४. विदेश जान् अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफ्ना जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकार रहनेबारे थाहर माग सम्बोधा पाक्ना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. कामना विदेश जाएपी नेपालकै विमालेखमा प्रवेश गर्नु होला, अन्यथा दावित सम्बोधना हुनु। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सातघरामामा सम्पर्क गर्नु होला।

Goldmines International Overseas Pvt Ltd
श्रम इजाजत पत्र नं.: १७८९/०८२/०८३
Dhumbarahi-04, Kathmandu, Nepal. Tel No: +977-1-4500084/85, 9841446960 (Sitaram Dhungana)
Email: info@goldminesoverseas.com. Website: goldminesoverseas.com.

Extension Bidding Announcement
In reference of previous bidding announcement was published on 08 October 2026, the Royal Embassy of Saudi Arabia in Kathmandu would like to invite again the eligible cleaning companies to bid as per following details:

Bid Name	Bid No	Required Field	Place of receiving Document of terms and conditions	Final Date of presenting Bid	Place & timing of Opening Bids
Bid for Cleaning, Landscaping, Pest control Swimming pool services for Embassy & Residency	2600665	Experienced Companies in field of Cleaning, Landscaping, Pest control Swimming pool services (Supporting documents)	Embassy's chancery Contact No. 01-4720891 Ext: 1014-1007 E-mail: kaemb@mofa.gov.sa	18-11-2026 Wednesday, Time: 03:30 PM	Embassy's chancery 19-11-2026 Thursday Time: 10:00 AM

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/१०/२९ मा दर्ता भएको **प्रा.लि.नं. २३४४२१** को **ईन्स्टिच्युट फर पब्लिक इकोनोमिक्स रिसर्च प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६७/१०/१० मा दर्ता भएको **प्रा.लि.नं. ७९८७५** को **प्राइड एड्भर्टाइजिङ्ग** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६५/११/०९ मा दर्ता भएको **प्रा.लि.नं. ६०५९९** को **अवि आल्मुनियम फेब्रीकेशन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६९/०४/३२ मा दर्ता भएको **प्रा.लि.नं. ९६९६३** को **बिभुशा ट्राईभिङ्ग ट्रेनिङ्ग सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

आदेशको शासन, अराजकताको जोखिम

लोकतन्त्रमा सरकारको शक्ति कानुनबाट निर्देशित हुन्छ, आदेशबाट होइन । तर, पछिल्ला घटनाक्रमले सरकार विधिको शासनभन्दा स्वेच्छाचारी कार्यशैलीतर्फ अघि बढेको आशंका जन्माएका छन् । कर्मचारी नियन्त्रणमा लिएर ठेक्का प्रक्रिया रद्द गराउने, पत्रकार पक्राउ गर्ने र राज्यका निकायलाई प्रधानमन्त्रीको सचिवालयबाटै निर्देशन दिने प्रवृत्तिले सरकारको कार्यशैलीमाथि गम्भीर प्रश्न उठाएको छ । सुनकोशी–मरिण डाइभर्सन आयोजनाको बाँध र विद्युत्गृह निर्माणका लागि बोलपत्र प्रक्रिया अन्तिम चरणमा पुगेको थियो । प्राविधिक मूल्यांकनबाट तीन कम्पनी आर्थिक प्रतिस्पर्धाका लागि छनोट भएका थिए । आर्थिक प्रस्ताव खोल्ने तयारी भइरहेका बेला जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक दिनेश रजौरिया र आयोजना निर्देशक कृष्णप्रसाद रिजाललाई नियन्त्रणमा लिइयो । त्यसपछि ठेक्का रद्द गर्ने सूचना जारी भयो । ठेक्का प्रक्रिया कानुनविपरीत थियो भने त्यसको आधार सार्वजनिक हुनुपर्छ । जिम्मेवार अधिकारीमाथि छानबिन र कारबाही पनि कानुनी विधिबाटै हुनुपर्छ ।

पत्रकार पक्राउ र सञ्चारगृहमा प्रहरी प्रवेशका घटनाले प्रेस स्वतन्त्रतामाथि थप चिन्ता बढाएका छन् । कुन समाचार वा अभियोगका आधारमा पत्रकार पक्राउ गरिए भन्ने स्पष्ट पारिएको छैन । विरोध भएपछि पक्राउ परेकालाई छाड्न निर्देशन दिइनुले प्रारम्भिक कारबाहीको औचित्यमाथि नै प्रश्न उठाएको छ । पत्रकारले कानुन उल्लंघन गरेका भए प्रमाण र कानुनी प्रक्रियाका आधारमा अनुसन्धान हुन सक्छ । तर, समाचार लेखेकै कारण पत्रकाउ गर्ने वा समाचारकक्षमा धरपकड गर्ने छुट सरकारलाई छैन ।

सरकारको कार्यशैलीमाथि प्रश्न उठाउने आधार पछिल्ला घटनामा मात्र सीमित छैनन् । पूर्वप्रधानमन्त्री, पूर्वमन्त्री, कर्मचारी, व्यवसायी तथा अन्य व्यक्तिलाई पक्राउ पुर्जी र स्पष्ट अनुसन्धान प्रक्रियाबिना नियन्त्रणमा लिइएको आरोप पटकपटक सार्वजनिक भएको छ । पक्राउपछि अनुसन्धान र अभियोजन अघि नबढाई छाडिएका घटनाले राज्यका निकायको अधिकार प्रयोगमाथि प्रश्न उठाएका छन् ।

राज्यका अंगबीच अधिकार र जिम्मेवारीको स्पष्ट सीमा हुन्छ । प्रहरी, प्रशासन, अनुसन्धान निकाय र संवैधानिक संस्थाले कानुनअनुसार स्वतन्त्र रूपमा काम गर्न पाउनुपर्छ । प्रधानमन्त्री वा उनको सचिवालयको निर्देशन भन्दैमा कानुनविपरीतको काम वैध हुँदैन । संस्थागत मर्यादा र पदाधिकारीको आत्मसम्मानको रक्षा गर्नु पनि सुशासनकै हिस्सा हो । सबै निकायलाई आदेशपालक बनाउँदै जाने हो भने जवाफदेहिता हराउँछ र निर्णयको जिम्मेवारी कसले लिने भन्ने अन्योल पैदा हुन्छ । अन्ततः त्यसले अराजकता निम्त्याउँछ । प्रणाली र संस्थालाई कमजोर बनाउँदैमा राज्य बलियो हुँदैन । पुराना कमजोरी सुधार्नुपर्ने हो, तर त्यसका नाममा स्थापित कानुनी र संस्थागत संरचना भत्काउन मिल्दैन । सुशासनको दाबी गर्ने सरकारले सबैभन्दा पहिले आफू कानुनको सीमाभित्र रहेको प्रमाणित गर्नुपर्छ । आदेशको शासनले तत्काल केही निर्णय गराउन सक्ला, तर त्यसले राज्यप्रति नागरिकको भरोसा बढाउँदैन । विधिको शासन कमजोर हुँदा सरकार मात्र होइन, समग्र लोकतान्त्रिक प्रणाली नै जोखिममा पर्छ । त्यसैले सरकारको प्राथमिकता शक्ति केन्द्रीकरण होइन, कानुनी राज्य र संस्थागत मर्यादाको संरक्षण हुनुपर्छ ।

हाइब्रिड मिडिया युगमा राजनीतिक सञ्चार

अग्रलेख



● सुनील पौडेल



सामाजिक सञ्जालले राजनीतिक सूचना प्रवाह, जनसहभागिता र सत्ता सञ्चालन बदलिदिएको छ । यसले भ्रामक सूचना, एल्गोरिदमको प्रभाव र डिजिटल विभाजनका चुनौती थपेको छ । नयाँ र पुराना सञ्चारमाध्यम परिपूरक छन् । लोकतन्त्रका लागि तथ्यमा आधारित, समावेशी राजनीतिक सञ्चार आवश्यक छ ।

विद्यार्थीलाई खबर पहिलोपटक कहाँ भेट्नुहुन्छ भनेर सोध्छु । धेरैको जवाफ फेसबुक, टिकटक, एक्स, युट्युब वा मोबाइलको स्क्रिन हुन्छ । तर सत्यता कसरी पुष्टि गर्नुहुन्छ भन्दा उनीहरू अनलाइन पोर्टल, टेलिभिजन वा विश्वासिला सञ्चारमाध्यम र पत्रकार खोज्ने बताउँछन् ।

पाठक अब सूचना ग्रहण गर्ने व्यक्ति मात्र होइनन्, उनीहरू सामग्री उत्पादन, टिप्पणी र प्रसारमा पनि सहभागी हुन्छन् । एउटै घटना फरक माध्यममा फरक ढंगले आउन सक्छ । त्यसैले स्रोत र विश्वसनीयता जाँच्नु आवश्यक छ ।

नयाँ सञ्चारमाध्यमले पुरानालाई पूरै विस्थापित गरेका छैनन् । नयाँ र पुराना माध्यम गाँसिएर चलिरहेका छन् । बेलायती अध्येता एन्ड्रयू चाडविकले यस अवस्थालाई 'हाइब्रिड मिडिया सिस्टम' अर्थात् मिश्रित मिडिया प्रणाली भनेका छन् । नेपालको राजनीतिक परिवेश बुझ्न यो उपयोगी छ ।

राजनीतिक सत्ता र सूचना चक्र

चाडविकका अनुसार पहिले सत्ता भनेको छापाखाना, रेडियो वा टेलिभिजनमाथि नियन्त्रण गर्ने शक्ति थियो । अहिले सूचनाको प्रवाह सुरु गर्ने, रोक्ने वा आफ्नो पक्षमा मोड्न सक्ने क्षमता पनि राजनीतिक शक्ति बनेको छ ।

नेताको टेलिभिजन अभिव्यक्तिको क्लिप फेसबुकमा फैलिन्छ, त्यसमा व्यंग्य बन्छ र पत्रपत्रिकाको सम्पादकीयपछि सामाजिक सञ्जालमा पुनः बहस चल्छ । चाडविकले यसलाई राजनीतिक सूचना चक्र भनेका छन् ।

नेपालमा २०४६ सालअघि रेडियो र टेलिभिजन सरकारी नियन्त्रणमा थिए । बहुदलीय व्यवस्थापछि निजी पत्रपत्रिका र सामुदायिक रेडियोको विस्तार भयो । २०६० को दशकको मध्यदेखि डिजिटल माध्यम र सामाजिक सञ्जालका एल्गोरिदमले सूचना प्रवाहको स्वरूप थप बदले ।

मिडिया नियमन र युवा आन्दोलन

मिश्रित मिडिया प्रणालीमा राज्यले सूचनाको प्रवाह नियन्त्रण गर्न खोज्ने उदाहरण २०८२ भदौमा देखियो । दर्ता नगरेको भन्दै सरकारले सामाजिक सञ्जालका २६ वटा प्लेटफर्म बन्द गऱ्यो । सरकारले नियमनको तर्क गरे पनि युवाले यसलाई आवाज बन्द गर्ने प्रयासका रूपमा बुझे । नियन्त्रण गर्न खोजिएको कदम आफैं ठुलो खबर बन्यो र सडक, सामाजिक सञ्जाल तथा समाचार कक्षमा एकैसाथ फैलियो ।

भदौ २३ गते काठमाडौंमा सुरु भएको जुलुस केही घण्टामै हिंसात्मक बन्यो । किशोर-किशोरीको मृत्युका तस्बिरले जनमतलाई थप उत्तेजित बनायो । दुई दिनमा ७६ जनाले ज्यान गुमाए । भदौ २४ गते संसद् भवन र सिंहदरबारमा आगजनी भयो भने सञ्चारगृहमाथि समेत आक्रमण भयो । प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिए । भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो ।

यो आन्दोलन सामाजिक सञ्जाल बन्दको मात्र उपज थिएन । गडी वोल्फसफेल्डका अनुसार प्रविधिभन्दा पहिले राजनीतिक सन्दर्भले काम गर्छ, प्रविधिले त्यसलाई गति दिन्छ । भ्रष्टाचार, अनियमितता र नातावादविरुद्धको आक्रोशमा प्रतिबन्धले थप असन्तुष्टि पैदा गऱ्यो । युवा टिकटक, फेसबुक र डिस्कोर्डमार्फत संगठित भए ।

बेनेट र सेगरबर्गको 'कनेक्टिभ एक्सन' सिद्धान्तले डिजिटल माध्यममा आधारित सहकार्य र राजनीतिक सहभागिताको प्रभावलाई व्याख्या गर्छ ।

निर्वाचन र डिजिटल राजनीति

२०८२ फागुन २१ गतेको आमनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभाका २७५ मध्ये १८२ सिट जित्यो र बालेन्द्र शाह प्रधानमन्त्री बने । निर्वाचन प्रचारमा फेसबुकको भूमिका महत्त्वपूर्ण थियो । तर चुनावी जितको कारण सामाजिक सञ्जाल मात्र थिएन । फेसबुकमा अभियान चलाउन, छोटा भिडियो बनाउन र समर्थकलाई सामग्री साझा गर्न लगाउनु चुनावी रणनीतिको हिस्सा बनेको छ । यसले प्रचारको लागत र पहुँच दुवैमा परिवर्तन ल्याएको छ । तर मतदाताको निर्णयमा स्थानीय अवस्था, उम्मेदवारको विश्वसनीयता, दलको इतिहास र राजनीतिक असन्तुष्टिजस्ता पक्ष पनि उत्तिकै महत्त्वपूर्ण हुन्छन् । दलहरूमा 'संगठन कि सामाजिक सञ्जाल' भन्ने बहस छ । तर यी एक-अर्काका विकल्प होइनन् । जनतासँग जोडिन पुराना र नयाँ दुवै माध्यमको प्रभावकारी प्रयोग आवश्यक छ ।

अवसर र चुनौती

मिश्रित मिडिया प्रणालीले जनआवाजको दायरा फराकिलो बनाएको छ । सामान्य नागरिकको भिडियो पनि छिटो सिंहदरबारसम्म पुग्न सक्छ । नेताका भाषण र सरकारी निर्णय तत्काल खुला सार्वजनिक बहस र परीक्षणको विषय बन्छन् । २०८२ भदौमा सामाजिक सञ्जालमाथिको प्रतिबन्ध एक साताभित्रै फिर्ता हुनु यसको उदाहरण हो । सामाजिक सञ्जालले सीमित साधन भएका नयाँ र युवा अनुहारलाई पनि मतदातासम्म पुग्ने अवसर दिएको छ । अध्येता जुंगरले यसलाई मूलधारबाहिरका 'पोलिटिकल आउटसाइडर'का लागि अवसर मानेका छन् ।

तर यसको नकारात्मक पक्ष पनि उत्तिकै छ । 'कागले कान लग्यो' भन्ने सुनेर कागको पछि दौडिने प्रवृत्ति डिजिटल युगमा छिटो फैलिन थालेको छ । भोसोधी र सहकर्मीको अध्ययनले झुटा समाचार छिटो फैलिने देखाएको छ । सम्पादकीय परीक्षण कमजोर हुँदा अपुष्ट र भ्रामक सामग्री सहजै फैलिन्छन् । कृत्रिम बुद्धिमत्ता (एआई) र वास्तविकजस्तै देखिने नक्कली सामग्री (डिपफेक)ले चुनौती थपेका छन् ।

अर्को समस्या सूचना प्रवाहमा विदेशी डिजिटल प्लेटफर्मको प्रभाव हो । नेपालीका प्रमुख सूचना स्रोत बनेका सामाजिक सञ्जालका एल्गोरिदममाथि हाम्रो नियन्त्रण छैन । थोर्सन र वेल्सले यसलाई 'क्युरेटेड फ्लो' भनेका छन् । के सामग्री कसले देख्ने भन्ने निर्णयमा पत्रकार र सम्पादकभन्दा विदेशी कम्पनीका एल्गोरिदमको प्रभाव बढ्दै गएको छ ।

राज्य र सञ्चारमाध्यमको सम्बन्ध पनि बहसमा छ । फ्रिडम फोरमका प्रतिवेदनअनुसार नयाँ सरकारको पहिलो १०० दिनमा सरकारी कार्यालयमा पत्रकारको पहुँच सीमित भयो । २०८२ चैत १८ गते सरकारी सूचना सरकारी माध्यमबाट मात्र प्रकाशित गर्न निर्देशन दिइयो । सरकारी सूचना सरकारी माध्यमबाट मात्र प्रवाह गर्ने अभ्यासले नागरिकले फरक स्रोतबाट सूचना पाउने अधिकार र निजी सञ्चारमाध्यमको भूमिकामाथि प्रश्न उठाउँछ । सरकारी विज्ञापनको वितरणमा पारदर्शिता आवश्यक भए पनि त्यसलाई आलोचनात्मक सञ्चारमाध्यमलाई दबाउने माध्यम बनाउनु हुँदैन । सर्वोच्च अदालतले २०८३ असार ३० गते सरकारी विज्ञापन रोक्ने निर्णयविरुद्ध फैसला गऱ्यो ।

प्रधानमन्त्री र मन्त्रीले सरकारी धारणा सामाजिक सञ्जालबाट सार्वजनिक गर्छन् । राज्यले सिधै जनतासँग कुरा गर्नुपर्छ भन्ने तर्क छ । तर स्वतन्त्र प्रेसले प्रश्न सोध्ने ठाउँ गुमाउँदा राज्यसत्ता जनताप्रति उत्तरदायी नहुन सक्छ । सूचना एकतर्फी हुँदा लोकतन्त्र कमजोर हुन्छ । सामाजिक सञ्जाल बन्दको विरोधमा भएको आन्दोलनबाट बनेको सरकारमाथि नै अभिव्यक्ति स्वतन्त्रता हननको प्रश्न उठ्नु विडम्बनापूर्ण छ । डिजिटल सञ्चारको अर्को कमजोरी दीर्घकालीन संगठनको अभाव हो । जेनेप तुफेक्सीका अनुसार सामाजिक सञ्जालको भिडले तत्काल सत्ता हल्लाउन सक्छ, तर दीर्घकालीन परिवर्तनका लागि दरिलो संगठन चाहिन्छ । डिजिटल पहुँच र साक्षरताको असमानताले सहभागितामा विभाजन ल्याउँछ ।

अबको बाटो

चुनौती छन् भन्दैमा कुनै माध्यमलाई निर्बाध छाड्नु वा सञ्चार प्रविधिमाथि प्रतिबन्ध लगाउनु समाधान होइन । २०८२ भदौको आन्दोलनले प्रतिबन्धको मूल्य देखाएको छ । चाडविकको सिद्धान्तअनुसार शक्ति कुनै एक माध्यममा मात्र हुँदैन, सूचनाको प्रवाहलाई दिशा दिन र नियन्त्रण गर्न सक्ने क्षमतामा हुन्छ । त्यसैले राजनीतिक सञ्चार प्रणालीलाई तीन आधारमा मूल्यांकन गर्नुपर्छ- राजनीतिक शक्ति र सञ्चारको प्रभाव कसको हातमा कति छ, सहभागिता कति समावेशी छ र सार्वजनिक बहसको तथ्यगत गुणस्तर कस्तो छ । गुणस्तरीय राजनीतिक सञ्चारका लागि सरकारले प्रेस काउन्सिललाई स्वायत्त बनाउँदै नियमन पारदर्शी बनाउनुपर्छ । पत्रकार र सञ्चारगृहले तथ्य परीक्षणलाई प्राथमिकता दिनुपर्छ । राजनीतिक दलले संगठन र सामाजिक सञ्जाललाई परिपूरक मानेर उत्तरदायी सञ्चार गर्नुपर्छ ।

शिक्षण संस्था र नागरिक समाजले डिजिटल साक्षरता घर र गाउँटोलसम्म पुऱ्याउनुपर्छ । एल्गोरिदमको प्रभाव बुझाउनु पनि शिक्षाको दायित्व हो । मोबाइलको स्क्रिन सार्वजनिक चौतारो बन्न सक्छ । त्यहाँ सबैले बोल्न पाउने, सबैका कुरा सुनिने र सत्यको सम्मान हुने संस्कार निर्माण गर्नु हाम्रो जिम्मेवारी हो । 'सञ्जालले जितायो' वा 'सञ्जालले देश बिगाऱ्यो' भन्ने सजिला निष्कर्षभन्दा माथि उठेर आफू पनि राजनीतिक सञ्चारको सरोकारवाला हुँ भन्ने बुझ्नुपर्छ ।

पौडेल मदन भण्डारी मेमोरियल कलेजका पत्रकारिता विभागका संयोजक हुन् ।

न्याय खोज्ने कहाँ ?

राज्य



● आरसी कोइराला 'रामचन्द्र'

न्यायाधीश र प्रहरी नेतृत्वसँग जोडिएका विवादले राज्यका महत्त्वपूर्ण संस्थामाथि प्रश्न उठाएका छन् । आरोपको निष्पक्ष छानबिन, पारदर्शी जवाफ र संस्थागत जवाफदेहिताबिना न्यायालयको स्वतन्त्रता र नागरिकको भरोसा जोगिन सक्दैन ।



जुन अदालतबाट नागरिकले न्यायको आशा गर्छन्, त्यही न्यायालयको नेतृत्व र न्यायाधीशहरू विवादमा तानिन थालेपछि भरोसा कहाँ राख्ने ? नागरिकको सुरक्षा गर्ने प्रहरी नेतृत्व नै दबाब र असुरक्षासम्बन्धी समाचारको केन्द्रमा आएपछि कसलाई विश्वास गर्ने ? नेपालमा पछिल्ला घटनाले यस्तै प्रश्न जन्माएका छन् ।

बिचौलिया भनिएका इनम सापकोटासँग न्यायपालिका र सुरक्षा निकायका उच्च पदाधिकारीको सम्पर्क तथा संवादसम्बन्धी विवरण सार्वजनिक भएपछि न्यायालयको निष्पक्षता र संस्थागत मर्यादाबारे बहस सुरु भएको छ । नेपाल बार एसोसिएसनले यस विषयमा निष्पक्ष र पारदर्शी छानबिनको माग गरेको छ । अर्कोतर्फ, पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले आफू र परिवारको सुरक्षाका लागि प्रहरीसँग आग्रह गरेको समाचार सार्वजनिक भएको छ । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई लिएर राजीनामाको दबाब र संस्थागत विवादका समाचार पनि आएका छन् ।

यी सबै विषयमा सार्वजनिक भएका विवरण र आरोपलाई नै दोष प्रमाणित भएको निष्कर्ष मान्न मिल्दैन । तर, न्यायपालिका र प्रहरीजस्ता संस्थाका नेतृत्वसँग जोडिएका विवादलाई सामान्य समाचार ठानेर पन्छाउन पनि मिल्दैन । यस्ता घटनाले संस्थाप्रतिको जनविश्वास कमजोर बनाउन सक्छन् ।

न्यायालयको स्वतन्त्रता

न्यायपालिका लोकतन्त्रको आधारस्तम्भ हो । सरकार र शक्तिशाली व्यक्तिले गरेका निर्णयमाथि प्रश्न उठाउने, नागरिकका अधिकारको रक्षा गर्ने र कानुनको शासन कायम गर्ने जिम्मेवारी अदालतको हो । त्यसैले न्यायालय स्वतन्त्र र निष्पक्ष हुनुपर्छ । न्यायाधीशले कुनै राजनीतिक दबाब, व्यक्तिगत सम्बन्ध वा बाह्य प्रभावबिना निर्णय गर्न सक्नुपर्छ ।

तर, न्यायाधीश र न्यायालयका पदाधिकारीसँग बिचौलियाको सम्पर्क तथा संवादसम्बन्धी प्रश्न उठेपछि न्यायिक निर्णयमा बाह्य प्रभाव परेको छ कि छैन भन्ने शंका जन्मनु स्वाभाविक हो । न्याय सम्पादनमा प्रभाव पार्ने प्रयास भएको हो भने त्यो गम्भीर विषय हो । त्यस्तो प्रयासमा को संलग्न थियो भन्ने कुरा प्रमाणबाट खुल्नुपर्छ ।

न्यायाधीशमाथि आरोप लाग्नु र आरोप प्रमाणित हुनु फरक कुरा हुन् । कसैलाई हल्लाका आधारमा दोषी ठहर गर्नु न्यायको सिद्धान्तविपरीत हुन्छ । तर, पद र प्रतिष्ठाका आधारमा छानबिनबाट उन्मुक्ति दिनु पनि उत्तिकै गलत हो । आरोप सत्य भए कानुनअनुसार कारबाही हुनुपर्छ । असत्य भए त्यसको खण्डन तथ्य र प्रमाणसहित सार्वजनिक हुनुपर्छ ।

न्यायालयको प्रतिष्ठा आलोचना रोक्दैमा जोगिँदैन । पारदर्शिता, निष्पक्षता र जवाफदेहिताबाट मात्रै जोगिन्छ ।

प्रहरी नेतृत्वमाथि पनि प्रश्न

न्यायालयसँगै प्रहरी नेतृत्व विवादमा तानिनु अर्को चिन्ताको विषय हो । प्रहरी नागरिकको सुरक्षा गर्ने संस्था हो । अपराध अनुसन्धान गर्ने, कानुन कार्यान्वयन गर्ने र संकटमा परेका नागरिकलाई संरक्षण दिने जिम्मेवारी प्रहरीकै हो । प्रहरी महानिरीक्षकको राजीनामाको दबाब, संस्थागत विवाद र विवादास्पद व्यक्तिसँगको सम्पर्कसम्बन्धी प्रश्न उठेका छन् भने तिनको जवाफ तथ्यका आधारमा आउनुपर्छ । प्रहरी संगठनको प्रतिष्ठा जोगाउने नाममा जायज प्रश्न दबाउनु हुँदैन । पुष्टि नभएका सूचनाका आधारमा संगठनमाथि अविश्वास फैलाउनु पनि उचित होइन ।

प्रहरीको व्यावसायिक स्वतन्त्रता र जवाफदेहिता दुवै आवश्यक छन् । राजनीतिक दबाबबाट मुक्त प्रहरी चाहिन्छ । तर, संगठनभित्रका गलत कामको छानबिन नहुने अवस्था पनि स्वीकार्य हुन सक्दैन । नेतृत्वले संस्थाको बचाउभन्दा पहिले नागरिकको सुरक्षा र कानुनको निष्पक्ष कार्यान्वयनलाई प्राथमिकता दिनुपर्छ ।

जनआस्था कसरी फर्काउने ?

राज्यका निकाय विवादमा पर्दा त्यसको असर पदाधिकारीमा मात्रै सीमित हुँदैन । नागरिकको विश्वास नै प्रभावित हुन्छ । न्यायालयप्रति भरोसा कमजोर भयो भने सर्वसाधारणले न्याय खोज्न कहाँ जाने ? प्रहरीमाथि विश्वास घट्यो भने सुरक्षाका लागि कसलाई गुहार्ने ?

नागरिकले ठुलो माग गरेका छैनन् । निष्पक्ष न्याय, सुरक्षित जीवन र कानुन सबैलाई समान रूपमा लागू भएको हेर्न चाहेका छन् । सार्वजनिक पदमा बसेकाहरूले आफ्नो जिम्मेवारीलाई व्यक्तिगत पहुँच र स्वार्थको माध्यम नबनाऊन् भन्ने अपेक्षा गरेका छन् । यी लोकतन्त्रमा नागरिकका सामान्य अधिकार हुन् ।

अहिलेको अर्को चुनौती सूचना र अफवाहबीचको भिन्नता छुट्याउनु हो । सामाजिक सञ्जालमा आएका सबै विवरण प्रमाण हुँदैनन् । तर, हरेक प्रश्नलाई अफवाह भनेर पन्छाउन पनि मिल्दैन । सञ्चारमाध्यमले तथ्य पुष्टि गर्नुपर्छ । अनुसन्धान निकायले प्रमाण सुरक्षित राख्नुपर्छ । सम्बन्धित पदाधिकारीले स्पष्ट जवाफ दिनुपर्छ । मौनता र अस्पष्टताले शंका झन् बढाउँछन् ।

न्यायपालिका र प्रहरीसँग सम्बन्धित गम्भीर आरोपको स्वतन्त्र, निष्पक्ष र समयबद्ध छानबिन हुनुपर्छ । अनुसन्धानमा संलग्न निकायले कसैप्रति पूर्वाग्रह राख्नु हुँदैन । न त शक्तिका आधारमा कसैलाई उन्मुक्ति दिन मिल्छ । राजनीतिक नेतृत्वले पनि न्याय र सुरक्षा निकायलाई आफ्नो स्वार्थअनुसार चलाउने प्रयास गर्नु हुँदैन ।

सार्वजनिक पद अस्थायी हो, तर संस्थाप्रतिको जनविश्वास दीर्घकालीन सम्पत्ति हो । न्यायाधीश र प्रहरी अधिकारीले पनि कानुनको शासनभित्रै सुरक्षित र स्वतन्त्र भएर काम गर्न पाउनुपर्छ । उनीहरूलाई बाह्य दबाबबाट जोगाउनु राज्यको दायित्व हो । त्यस्तै, उनीहरूबाट हुने सम्भावित गल्ती र दुरुपयोगको छानबिन गर्नु पनि राज्यकै जिम्मेवारी हो ।

हामीलाई कुनै व्यक्तिको हार वा जित चाहिएको होइन । सत्यको खोजी र न्यायको सुनिश्चितता चाहिएको हो । न्यायालयको सम्मानका नाममा प्रश्न रोक्ने होइन, प्रश्नको निष्पक्ष जवाफ दिने व्यवस्था चाहिएको हो ।

देशको वास्तविक शक्ति ठुला पदमा बसेका व्यक्तिको प्रभावमा होइन, सामान्य नागरिकले न्याय पाउँछु र सुरक्षित रहन्छु भन्ने विश्वासमा हुन्छ । त्यो विश्वास गुम्नु राज्यका लागि ठुलो संकट हो । त्यसैले अहिलेको प्रश्न मुलुक कता जाँदै छ भन्ने मात्रै होइन, न्याय र सुरक्षा दिने संस्थाको स्वतन्त्रता कसरी जोगाउने भन्ने पनि हो ।

(लेखक एभरेस्ट नेपाल कल्चरल ग्रुप तथा अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला–नेपालका अध्यक्ष हुन् ।)

इतिहासको पाना

● सन्तोष खडेरी

परपुरुषसँग लाग्नेलाई मनहरामा कैद



राणाकालमा राणा परिवारका छोरीबुहारीले परपुरुषसँग सम्बन्ध राखेको पाइएमा उनीहरूलाई दोषी ठहर गरी मनहरास्थित जनाना थुनुवा घरमा कैद गरिने परम्परा थियो । उनीहरूसँग सम्बन्ध राख्ने पुरुषलाई पनि छुट्टै स्थानमा नेल लगाएर कैद गरिन्थ्यो ।

राणाकालमा परिवारका छोरीबुहारीले घरमा काम गर्ने पुरुषसँग सम्बन्ध राखेको पाइएमा त्यसलाई गम्भीर अपराध मानिन्थ्यो । यस्तो आरोप लागेका महिलालाई 'बिग्रेको' ठहर गर्दै मनोहरा पागलखाना परिसरमा रहेको जनाना थुनुवा घरमा पठाइन्थ्यो ।

यसको एउटा उदाहरण विसं १९४२ सालको पर्वलगत्तैको घटनामा भेटिन्छ । काठमाडौंमा एकल जीवन बिताइरहेकी जंगबहादुरकी एक जवान बुहारीको घरमा काम गर्ने पुरुषसँग सम्बन्ध रहेको आरोप लाग्यो । भारदारीले उनलाई दोषी ठहर गऱ्यो । त्यसपछि उनलाई मनहरास्थित जनाना थुनुवा घरमा कैद गरियो र भत्तासमेत कटौती गरियो ।

कैदमा राखिएपछि उनलाई खानाका लागि दैनिक एक रुपैयाँ भत्ता दिन थालियो । उनीसँग सम्बन्ध राखेको आरोप लागेका पुरुषलाई पनि अर्को स्थानमा नेल लगाएर कैद गरियो । राणा परिवारका छोरीबुहारीसँग सम्बन्ध राखेको आरोप लाग्ने पुरुषको अवस्था पनि यस्तै हुने गरेको विवरणमा उल्लेख छ ।

मनहरामा थुनिएका महिलालाई खानाका लागि चामल, दाल, नुन र घिउतेल उपलब्ध गराइन्थ्यो । विसं १९७६ को दररेटअनुसार दाउराका लागि दैनिक चार पैसाका दरले वार्षिक १४ रुपैयाँ ६० पैसा दिइन्थ्यो । त्यसैगरी, वर्षमा दुईपटक चैतेदसैं र बडादसैंमा लुगाकपडाका लागि वार्षिक १५ रुपैयाँ उपलब्ध गराउने व्यवस्था थियो ।

तस्बिर : एआईद्वारा निर्मित सांकेतिक तस्बिर ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com **मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.**

डोल्पा कारागार प्रकरण : छानबिन गर्न केन्द्रीय प्रहरी टोली पुग्यो



काठमाडौं/मस- डोल्पा जिल्ला कारागारबाट सुरुङ खनेर आठ जना कैदीबन्दी फरार भएको घटनाको छानबिन गर्न कर्णाली प्रदेश प्रहरी प्रमुख डीआईजी जयराज सापकोटासहित केन्द्रीय प्रहरी टोली डोल्पा पुगेको छ।

केन्द्रीय प्रहरी टोलीको नेतृत्व एसएसपी राजीव बस्नेतले गरेका छन्। दुवै टोलीले कारागारको सुरक्षा व्यवस्था, कैदीबन्दी फरार हुनुअघिको अवस्था तथा सुरक्षाकर्मीको जिम्मेवारी र निगरानीमा भएको सम्भावित कमजोरीबारे स्थलगत अध्ययन गर्ने कर्णाली प्रदेशका एसएसपी सन्तोषसिंह राठौरले जानकारी दिएका छन्।

कारागारको भित्री पर्खाल र बाहिरी कम्पाउन्ड भत्काएर करिब साढे तीन मिटर लामो सुरुङ खनी आठ जना कैदीबन्दी फरार भएपछि कारागारको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठेको छ।

यसैबीच, फरार कैदीबन्दीमध्ये दुई जनालाई रुकुम पश्चिमबाट प्रहरीले पक्राउ गरेको छ। बाँकी फरार कैदीबन्दीको खोजी कार्य तीव्र पार्दै प्रहरीले सम्भावित नाका तथा आवतजावत हुने क्षेत्रमा निगरानी बढाएको छ। प्रहरीका अनुसार फरार हुनेमा जबरजस्ती करणी मुद्दाका पाँच र चोरी मुद्दाका तीन जना थिए। उनीहरूमध्ये छ जना कैद सजाय भुक्तान गरिरहेका थिए भने दुई जना पुर्पक्षका लागि थुनामा रहेका थिए। घटनापछि कारागारको सुरक्षा व्यवस्थापन र सुरक्षाकर्मीको निगरानी प्रणालीमा भएको कमजोरीबारे छानबिन केन्द्रित हुने बताइएको छ।

विपन्नसँग मदन भण्डारी आवास कार्यक्रम

लाभग्राहीले भुक्तानी नपाएको गुनासो, रकम निकासा गर्न ज्ञापन-पत्र



सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, १७ कात्तिक

रौतहटमा सञ्चालित विपन्नसँग मदन भण्डारी आवास कार्यक्रम अन्तर्गत निर्माण कार्य सम्पन्न गरेका अति विपन्न तथा सीमान्तकृत परिवारहरूले अझैसम्म पाउनुपर्ने रकम भुक्तानी नपाएको भन्दै गम्भीर ध्यानाकर्षण गराएका छन्।

तोकिएको समयसीमाभित्रै श्रम तथा निर्माण सामग्री जुटाई घर निर्माण पूरा गरिसक्दा पनि सम्बन्धित निकायको लापरबाही र ढिलासुस्तीका कारण भुक्तानी रोक्किएको भन्दै पीडित लाभग्राहीहरूले जिल्ला प्रशासन कार्यालय र भौतिक पूर्वाधार विकास कार्यालय रौतहटमा संयुक्त रूपमा ज्ञापन-पत्र बुझाएका छन्।

सरकारले देशका अति विपन्न भूमिहीन सीमान्तकृत र गरिब परिवारलाई सुरक्षित तथा स्थायी आवास उपलब्ध गराउने महत्वाकांक्षी लक्ष्यका साथ यो कार्यक्रम कार्यान्वयनमा ल्याएको थियो। तर योजना अनुसार घर निर्माण सम्पन्न गरिसक्दा पनि समयमै पारिश्रमिक र निर्माण सामग्रीको रकम भुक्तानी नहुँदा एकातिर लाभग्राहीहरू स्वयं र अर्कोतिर निर्माण कार्यमा खटिएका मजदुर तथा स्थानीय निर्माण सामग्री व्यवसायीहरू समेत गम्भीर आर्थिक संकटमा परेका छन्।

ज्ञापन-पत्रमार्फत आक्रोशित लाभग्राहीहरूले राज्यको नीति-नियम र कार्यविधि पालन गर्दै आफ्नै पसिना, श्रम र ऋणधन गरेर आवास निर्माण सम्पन्न गरेको बताए। निर्माण सम्पन्न भएको लामो समय बितिसक्दा पनि अन्तिम भुक्तानीका लागि पटक-पटक सरकारी कार्यालय धाउनुपर्ने बाध्यताले उनीहरूमा तीव्र निराशा छाएको छ। 'मजदुरी गरेर हातमुख जोड्ने वर्गले काम गरिसकेपछि पनि पारिश्रमिक नपाउनु सरासर अन्याय हो। समयमै रकम नपाउँदा दैनिक जीविकोपार्जन गर्न बालबालिकाको पालनपोषण र पठनपाठन गराउनका साथै घर बनाउन लिएको ऋणको ब्याज तिर्नसमेत अत्यन्तै कठिन भइसकेको छ,' ज्ञापन-पत्रमा उल्लेख गरिएको छ। अमनिया खातुन लगायतका पीडित लाभग्राही, स्थानीय मजदुर तथा निर्माण कार्यमा प्रत्यक्ष संलग्न व्यक्तिहरूको संयुक्त हस्ताक्षरसहित बुझाइएको ज्ञापन-पत्रको बोधार्थ जिल्ला प्रशासन कार्यालय रौतहट गौर र भौतिक पूर्वाधार कार्यालय रौतहट गौरलाई दिइएको छ। ज्ञापनपत्रमा भनिएको छ,'गरिब तथा विपन्न परिवारको आवाससँग जोडिएको यस समस्यालाई गम्भीरतापूर्वक लिई सम्बन्धित निकायबाट अविलम्ब आवश्यक छानबिन तथा समन्वय गरी बाँकी रहेको भुक्तानी यथाशीघ्र उपलब्ध गराइदिनुहुन आग्रह गर्दछौं। साथै भावी दिनमा यस्ता प्रशासनिक ढिलासुस्ती र समस्या दोहोरिन नदिन विशेष पहलका लागि विनम्र अनुरोध छ।' गरिब र सीमान्तकृत जनताको सुरक्षित आवासको सपनासँग जोडिएको यस संवेदनशील विषयमा स्थानीय प्रशासन तथा विकास निर्माणसँग सम्बद्ध निकायहरूले यथाशीघ्र छानबिन गरी रोकिएको रकम निकासा नगरे थप कडा संघर्षका कार्यक्रम सार्वजनिक गर्न बाध्य हुने पीडितहरूले चेतावनी दिएका छन्। ज्ञापन-पत्रमार्फत सम्बन्धित निकायहरूबाट शीघ्र सकारात्मक पहल र ठोस जवाफको तीव्र प्रतीक्षा गरिएको जनाए।

तनहुँ जलविद्युत् आयोजनाको जलाशयमा रुख कटान सुरु

दमौली/मस-तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको जलाशय क्षेत्रमा रहेका रूख कटानका लागि प्रक्रिया सुरु गरिएको छ। यसका लागि आयोजनाले जलाशय क्षेत्रभित्र पर्ने २५ वटा सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिसँग पहिलो चरणको परामर्श बैठक गरेको छ।डिभिजन वन कार्यालय तनहुँको समन्वयमा आयोजित बैठकमा जलाशय क्षेत्रमा रहेका रुखको गणना, छपान तथा कटानसम्बन्धी प्रक्रियाबारे छलफल गरिएको आयोजनाले जनाएको छ।

बैठकमा रूख गणना, छपान र कटानका लागि अपनाउनुपर्ने विधि तथा प्रक्रियाबारे सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिलाई जानकारी गराइएको थियो। उक्त कार्यमा सामुदायिक वन उपभोक्ता समूहको भूमिका, सहभागिता र आवश्यक समन्वयका विषयमा समेत छलफल भएको छ। आयोजना प्रमुख श्यामजी भण्डारीले जलाशय क्षेत्रभित्र पर्ने रूख कटानको काम व्यवस्थित रूपमा अघि बढाउन सामुदायिक वन उपभोक्ता समूहसँग परामर्श सुरु गरिएको जानकारी दिए। रूख गणना, छपान तथा कटानसम्बन्धी प्रक्रिया अघि बढाउँदा सम्बन्धित वन समूहको सहभागिता र समन्वयलाई महत्त्व दिइएको उनले बताए।

जलाशय क्षेत्रभित्र पर्ने वन क्षेत्रको व्यवस्थापन आयोजनाको निर्माण प्रक्रियासँग जोडिएको विषय भएकाले प्रचलित वनसम्बन्धी कानुनी व्यवस्था र निर्धारित प्रक्रियाअनुसार काम अघि बढाउनुपर्ने भण्डारीले बताए।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०६४/०६/०६ मा दर्ता भएको **प्रा.लि. नं. ४८३२१ को स्वेता उल इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

साउदीमा रोजगार

कम्पनी: HAIL HOUSE FOR TRANSPORT | शहर: HAIL
पूर्व स्वीकृत मिति : २०८३/०७/१७ | चलानी नं.: ६०२६२९९६ | L.T. No.: 349899

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Factor Loading And Unloading	4	0	स. काममा दक्ष	1000	४०३८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २५ गते (11 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्योहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं. ४९५/०६१/०६२
अल समिट म्यानपावर प्रा.लि.
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४९८२२२२, ४९८२४४४, ४९८६५४४, फ्याक्स: नं. ४९८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com
ISO 9001 certified company

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८३/०७/१८

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड शाखा कार्यालय भुमही, नवलपरासीबाट विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीहरु श्री **सिटी फर्निचर तथा इलेक्ट्रोनीक, रेशम चोधरी/गोबिन्द चौधरी, रिता कुमारी चौधरी/गोबिन्द चौधरी र दिपक कुमार चौधरी**को हकमा मिति २०८२/१०/१३ को News 24 अन्तर्राष्ट्रिय राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने ऋणकर्जा चुक्ता भुक्तान गर्न सार्वजनिक सूचना र ऋणीहरु **गयाराम अहीर/इन्द्र राज यादव** को हकमा मिति २०८३/०१/२५ को "सौर्य दैनिक" राष्ट्रिय दैनिक पत्रिकामा ३५(पैंतीस) दिने ऋणकर्जा चुक्ता भुक्तान गर्न सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय भुमही, नवलपरासी मा दिउँसो ३:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा

ऋणी कम्पनीको नाम र ठेगाना		कम्पनीको सञ्चालकको नाम र ठेगाना	
नाम	: **सिटी फर्निचर तथा इलेक्ट्रोनीक**	नाम	: **रिता कुमारी चौधरी**
रजिष्ट्रेशन नं.	: ६८८/१२२८०/०७५/०७६	बाबु	: मोहर प्रशाद चौधरी
रजिष्टर्ड ठेगाना	: रामग्राम न.पा.वडा नं.०३, नवलपरासी	ससुरा	: रेशम चौधरी
दर्ता मिति	: बि.सं.२०७५/१०/१३	पति	: गोबिन्द चौधरी
पान नं.	: ६०९१३७६१९	ठेगाना	: मनरी गा.वि.स. वडा नं. ०६, नवलपरासी
		हाल	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी
		ना.प्र.नं.	: ३६३०६०/१८५
		जारी मिति	: २०६३/११/२६
		जि.प्र.का.	: नवलपरासी

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम	: **गोबिन्द चौधरी**	**२.नाम**	: **रेशम चोधरी**
बाबु	: रेशम चोधरी	बाबु	: डिघु चौधरी
पत्नि	: रीता कुमारी चौधरी	बाजे	: गौरीदास चौघरी
बाजे	: डिघु चोधरी	ठेगाना	: मनरी गा.वि.स. वडा नं. ०६, नवलपरासी
ठेगाना	: मनरी गा.वि.स. वडा नं. ०६, नवलपरासी	हाल	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी
हाल	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी	ना.प्र.नं.	: ५९४५
ना.प्र.नं.	: ७३९१४	जारी मिति	: २०३४/०७/०३
जारी मिति	: २०६१/०४/२५	जि.प्र.का.	: नवलपरासी
जि.प्र.का.	: नवलपरासी		
३.नाम	: **गोलहरी देबी चौधरी**	**४.नाम**	: **पुजा कुमारी चौधरी**
बाबु	: महगु चोधरी	बाबु	: गोबिन्द चौधरी
पति	: रेशम चौधरी	बाजे	: रेशम चौधरी
ससुरा	: डिघु चोधरी	ठेगाना	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी
ठेगाना	: मनरी गा.वि.स. वडा नं. ०६, नवलपरासी	ना.प्र.नं.	: ३६-०१-७४-०१३७६
हाल	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी	जारी मिति	: २०७४/०३/०५
ना.प्र.नं.	: ५९४७	जि.प्र.का.	: नवलपरासी
जारी मिति	: २०३४/०२/०४		
जि.प्र.का.	: नवलपरासी		

२.कर्जा शिर्षक : सिटिजन्स वान डिस्ट्रीक वान प्रोडक्ट-अधिबिकर्ष कर्जा

ऋणीहरुको नाम र ठेगाना

१. नाम	: **रेशम चोधरी**	**२.नाम**	: **गोबिन्द चौधरी**
बाबु	: डिघु चौधरी	बाबु	: रेशम चोधरी
बाजे	: गौरीदास चौघरी	पत्नि	: रीता कुमारी चौधरी
ठेगाना	: मनरी गा.वि.स. वडा नं. ०६, नवलपरासी	बाजे	: डिघु चोधरी
हाल	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी	ठेगाना	: मनरी गा.वि.स. वडा नं. ०६, नवलपरासी
ना.प्र.नं.	: ५९४५	हाल	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी
जारी मिति	: २०३४/०७/०३	ना.प्र.नं.	: ७३९१४
जि.प्र.का.	: नवलपरासी	जारी मिति	: २०६१/०४/२५
		जि.प्र.का.	: नवलपरासी

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम	: **रिता कुमारी चौधरी**	**२.नाम**	: **गोलहरी देबी चौधरी**
बाबु	: मोहर प्रशाद चौधरी	बाबु	: महगु चोधरी
ससुरा	: रेशम चौधरी	पति	: रेशम चौधरी
पति	: गोबिन्द चौधरी	ससुरा	: डिघु चोधरी
ठेगाना	: मनरी गा.वि.स. वडा नं. ०६, नवलपरासी	ठेगाना	: मनरी गा.वि.स. वडा नं. ०६, नवलपरासी
हाल	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी	हाल	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी
ना.प्र.नं.	: ३६३०६०/१८५	ना.प्र.नं.	: ५९४७
जारी मिति	: २०६३/११/२६	जारी मिति	: २०३४/०२/०४
जि.प्र.का.	: नवलपरासी	जि.प्र.का.	: नवलपरासी
३.नाम	: **पुजा कुमारी चौधरी**		
बाबु	: गोबिन्द चौधरी		
बाजे	: रेशम चौधरी		
ठेगाना	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी		
ना.प्र.नं.	: ३६-०१-७४-०१३७६		
जारी मिति	: २०७४/०३/०५		
जि.प्र.का.	: नवलपरासी		

३.कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक कर्जा-अधिबिकर्ष कर्जा

ऋणीहरुको नाम र ठेगाना

१. नाम	: **रिता कुमारी चौधरी**	**२.नाम**	: **गोबिन्द चौधरी**
बाबु	: मोहर प्रशाद चौधरी	बाबु	: रेशम चोधरी
ससुरा	: रेशम चौधरी	पत्नि	: रीता कुमारी चौधरी
पति	: गोबिन्द चौधरी	बाजे	: डिघु चोधरी
ठेगाना	: मनरी गा.वि.स. वडा नं. ०६, नवलपरासी	ठेगाना	: मनरी गा.वि.स. वडा नं. ०६, नवलपरासी
हाल	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी	हाल	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी
ना.प्र.नं.	: ३६३०६०/१८५	ना.प्र.नं.	: ७३९१४
जारी मिति	: २०६३/११/२६	जारी मिति	: २०६१/०४/२५
जि.प्र.का.	: नवलपरासी	जि.प्र.का.	: नवलपरासी

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम	: **रेशम चोधरी**	**२.नाम**	: **गोलहरी देबी चौधरी**
बाबु	: डिघु चौधरी	बाबु	: महगु चोधरी
बाजे	: गौरीदास चौघरी	पति	: रेशम चौधरी
ठेगाना	: मनरी गा.वि.स. वडा नं. ०६, नवलपरासी	ससुरा	: डिघु चोधरी
हाल	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी	ठेगाना	: मनरी गा.वि.स. वडा नं. ०६, नवलपरासी
ना.प्र.नं.	: ५९४५	हाल	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी
जारी मिति	: २०३४/०७/०३	ना.प्र.नं.	: ५९४७
जि.प्र.का.	: नवलपरासी	जारी मिति	: २०३४/०२/०४
		जि.प्र.का.	: नवलपरासी

३. नाम	: **पुजा कुमारी चौधरी**
बाबु	: गोबिन्द चौधरी
बाजे	: रेशम चौधरी
ठेगाना	: सरावल गा.पा. वडा नं.०२, नवलपरासी
ना.प्र.नं.	: ३६-०१-७४-०१३७६
जारी मिति	: २०७४/०३/०५
जि.प्र.का.	: नवलपरासी

४. कर्जा शिर्षक : सिटिजन्स वान जोन वान प्रडक्ट कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: **दिपक कुमार चौधरी**	**नाम**	: **चन्दा कुमारी चौधरी**
बाबु	: घीसन चौधरी	बाबु	: मोहर प्रसाद चौधरी
बाजे	: शिव प्रसाद चौधरी	बाजे	: रामलाल पछिमा थारु
ठेगाना	: सरावल गा.बि.स.- ०६, नवलपरासी	ठेगाना	: सरावल गा.बि.स.- ०६, नवलपरासी
हाल	: सरावल गा.पा..- ३, नवलपरासी	हाल	: सरावल गा.पा..- ३, नवलपरासी
ना.प्र.नं.	: ८८१०१	ना.प्र.नं.	: ३६-०१-७१-०७०३३
जारी मिति	: २०६३/०३/२१	जारी मिति	: २०७१/११/१२
जि.प्र.का.	: नवलपरासी	जि.प्र.का.	: नवलपरासी

५. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक कर्जा

ऋणीहरुको नाम र ठेगाना

१. नाम	: **गयाराम अहीर**	**२.नाम**	: **इन्द्र राज यादव**
बाबु	: पृथी अहीर	बाबु	: गयाराम अहीर
बाजे	: शिवनंदन अहीर	बाजे	: पृथी अहीर
ठेगाना	: अमरवन गा.बि.स.- ०१, नवलपरासी	ठेगाना	: बन्जरीया गा.बि.स.- ०३, नवलपरासी
हाल	: रामग्राम न.पा.- १५, नवलपरासी	हाल	: रामग्राम न.पा.- १५, नवलपरासी
ना.प्र.नं.	: ४०२७	ना.प्र.नं.	: ६८०८८
यस विकास बैंकको शाखा कार्यालय हरैयाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) कर्जा शीर्षक : आवधिक सामुहिक कर्जा

ऋणीको विवरण

धनसिंह टोमटाको बुहारी मन्जित टोमटाको पत्नी रुपन्देही जिल्ला रुद्रपुर गा.पा. वडा नं. ३ हाल, सैनामैना न.पा. वडा नं. ११ बस्ने **सुनिता टोमटा** (ना.प्र.नं. : ३७२०३७/७०८६६ जारी मिति र जिल्ला : २०६८/०७/२५, रुपन्देही)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

धनसिंह टोमटाको नाति मन्जित टोमटाको छोरा रुपन्देही जिल्ला कन्चन गा.पा वडा नं. ५ हाल, सैनामैना न.पा वडा नं. ११ बस्ने **सुरज टोमटा** (ना.प्र.नं. : ३७-०२-७८-०४००५ जारी मिति र जिल्ला : २०७८/०७/०९, रुपन्देही)

२) कर्जा शीर्षक : आवधिक सामुहिक कर्जा

ऋणीको विवरण

हुम वहादुर सूर्यवंशीको बुहारी मन वहादुर सूर्यवंशीको पत्नी पाल्पा जिल्ला ताहूँ वडा नं. ९ हाल, रुपन्देही जिल्ला कन्चन गा.पा. वडा नं. ४ बस्ने **पविसरा सूर्यवंशी** (ना.प्र.नं. : ३९३०२६/१६० जारी मिति र जिल्ला : २०६३/११/२३, पाल्पा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

लिल वहादुर सारुको बुहारी लिल वहादुर सारुको पत्नी रुपन्देही जिल्ला रुद्रपुर वडा नं. १ हाल, कन्चन गा.पा वडा नं. ४ बस्ने **भावना सारु मगर** (ना.प्र.नं. : ३७-०२-७०-०८२८७ जारी मिति र जिल्ला : २०७०/१२/२०, रुपन्देही)

३) कर्जा शीर्षक : साधारण कर्जा

ऋणीको विवरण

विष्णुदत्त उपाध्यायको नाति हरिदत्त उपाध्यायको छोरा रुपन्देही जिल्ला रुद्रपुर वडा नं. ४ हाल, कन्चन गा.पा. वडा नं. ३ बस्ने **कृष्ण आचार्य** (ना.प्र.नं. : ११६३ जारी मिति र जिल्ला : २०५३/०२/२५, रुपन्देही)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) हरिदत्त उपाध्यायको बुहारी कृष्ण आचार्यको पत्नी रुपन्देही जिल्ला बुटवल वडा नं. ८ हाल, कन्चन गा.पा. वडा नं. ३ बस्ने **तारा देवी उपाध्याय पौडेल** (ना.प्र.नं. : ३७२०२४/४६२२५ जारी मिति र जिल्ला : २०६४/१०/१८, रुपन्देही)

२) रामचन्द्र पौडेलको बुहारी नारायण पौडेलको पत्नी रुपन्देही जिल्ला रुद्रपुर वडा नं. ७ हाल, कन्चन गा.पा. वडा नं. ३ बस्ने **दोमा पौडेल** (ना.प्र.नं. : ३७३०३७/१३५३ जारी मिति र जिल्ला : २०६३/११/३०, रुपन्देही)

४) कर्जा शीर्षक : आवधिक सामुहिक कर्जा

ऋणीको विवरण

पदम सिं दर्लामीको बुहारी कुल बहादुर दर्लामीको पत्नी पाल्पा जिल्ला हुमिन गा.पा वडा नं. ९ हाल, रुपन्देही जिल्ला कन्चन गा.पा वडा नं. ४ बस्ने **रिता कुमारी दर्लामी** (ना.प्र.नं. : ३९१०२६/४७१ जारी मिति र जिल्ला : २०६८/०१/१४, पाल्पा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

मान बहादुर दर्लामीको नाति पदम सिं दर्लामीको छोरा पाल्पा जिल्ला हुमिन गा.पा वडा नं. ९ हाल, रुपन्देही जिल्ला कन्चन गा.पा वडा नं. ४ बस्ने **कुल बहादुर दर्लामी** (ना.प्र.नं. : ३७-०१-७२-०५२१८ जारी मिति र जिल्ला : २०७२/०६/१९, पाल्पा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०४/०६ मा दर्ता भएको **प्रा.लि.नं. १९३६८२** को **क्रिम एण्ड क्याकल्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८३/०७/१८

मिति २०८३/०५/२५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **नेमुनि सप्लायर्स प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अष्टभ हस्पिटालिटी प्रा.लि (दर्ता नं.: २५८४२८)** कायम गर्ने गरी मिति २०८३/०६/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०३/०९ मा दर्ता भएको **दर्ता नं.: २३७३७८** को **टप केयर पोलिक्लिनिक एण्ड डाइग्नोस्टिक प्रा. लि.** कम्पनीको विशेष साधार सभाद्वारा मिति २०८३/०७/१५ को निर्णय अनुरुप कम्पनी ऐन २०६३ को दफा १२६ ले व्यवस्था गरे अनुसार कम्पनीलाई स्वेच्छीक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनीसंग कोही कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिका मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३

बीमालेख हरायो

मिति २०८३/०४/१५ गते सामाखुसीबाट टोखासम्म जाँदा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा फेलापार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

Name: Sabina Adhikari
बीमालेख नं.: PLI1610004757
हिमालयन इन्स्योरेन्स लि.
सम्पर्क नं.: ९८४१८९१५४५

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/११/१३ मा दर्ता भएको **प्रा.लि.नं. १६८४५२** को **फ्रयाङ्वर्ग इन्टरनेशनल एजुकेशन प्रा. लि.** को मिति २०८३/०७/१५ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्वीडेटर : विरेन्द्र शिवाकोटी, इजाजत पत्र नं. २६७, ठेगाना : काठमाडौं, फोन नं. ९८५१०५५२४९

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/११/१९ मा दर्ता भएको **प्रा.लि नं. १४६०९३/०७२/०७३** को **नेपाल हिमालयन एग्रिकल्चर एण्ड बी फर्म प्रा.लि.** को मिति २०८३/०७/१७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम खारेजी लिक्वडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै प्रकारको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटरको नाम : कुमार निरौला
इजाजत पत्र : ७४०
ठेगाना : का.म.न.पा. १०, बानेश्वर
मोबाइल नं. ९८५१००५१८५

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

झपट सिंह कुँवरको बुहारी, पूर्ण कुमार कुँवरको पत्नी, कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. २ बस्ने यस बैंकको धनगढी एल.एन. चोक शाखा कार्यालयको खातावाला गायत्री देवि कुँवरको मिति २०८३/०५/२१ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पति पूर्ण कुमार कुँवरले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

नामथर र जन्ममिति फरक परेको सूचना


जिल्ला प्रशासन कार्यालय गोरखाको प.सं. २०८३/०८४, च.नं. ९५७, मिति २०८३/०६/०६ को "नामथर तथा जन्ममिति प्रमाणित सम्बन्धमा" शीर्षकको पत्रअनुसार गोरखा जिल्ला सिरानचोक गाउँपालिका वडा नं. ०७ निवासी भारतीय सेना सै.नं. ५४४२११७ NK ५GR का चेत बहादुर गुरुङको श्रीमती विचा गुरुङको नेपाली नागरिकता प्रमाण-पत्रमा उल्लेख भएको नामथर तथा जन्ममिति र भारतीय पेन्सन पट्टाको अभिलेखमा उल्लेख भएको नामथर तथा जन्ममिति फरक परे तापनि तपसिलबमोजिम नामथर तथा जन्ममिति गरेको व्यक्ति एउटै भएको हुँदा सोको व्यहोरा प्रमाणित गरिदिनका लागि ०७, नं वडा कार्यालय, सिरानचोक गाउँपालिकाको च.नं. १४४, मिति २०८३/०६/०७ गतेको सिफारिस पत्रबाट लेखी आएको व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिएको छ।

तपसिलः

१. नेपाली नागरिकतामा भएको :
नामथर : विचा गुरुङ
जन्ममिति : २०१२/०५/१७

२. भारतीय सैनिक अभिलेखमा भएको :
नामथर : विजामाया गुरुङ
जन्ममिति : २०१३ साल

३. पेन्सनरसँगको नाता : श्रीमती



निवेदक

नामथर तथा जन्ममिति फरक भएको व्यक्ति

कतारमा रोजगार

कम्पनी : ALALAM AL JADEED COMPANY
पूर्व स्वीकृत मितिः २०८१/११/१५ चलानी नं.: ६०२३३७८५ LT. No.: 319418 शहर : DOHA पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब QR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Supervisor	0	3	सम्बन्धित काममा दक्ष	3000	१,२४,७४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Purchase Rep.	2	0		2200	९१,४७६							
3.	Store Keepers	4	0		1900	७९,००२							
4.	Dry Clean Worker	5	0		1100	४५,७३८							
5.	Correspondent	4	0		1900	७९,००२							
6.	Salesman Ready Made Clothes	4	0		1300	५४,०५४							

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ कार्तिक २५ गते (11 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

"A friend at your service"
PASA INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5439331, 5454499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np, pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

कुवेतमा रोजगार

कम्पनीः YELLOW LINE RESTAURANT AND CAFE COMPANY शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/११/०४ चलानी नं.: ६०२३३१०१ LT. No.: 318920 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Cook	0	1	सम्बन्धित काममा दक्ष	140	६८८५३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Barista	0	7		140	६८८५३							
3.	Cleaner Indoor	0	3		120	५९०१७							

कम्पनीः YELLOW LINE RESTAURANT AND CAFE COMPANY शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०९/२८ चलानी नं.: ६०२५०५०९ LT. No.: 337060 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Indoor Cleaner	4	0	स. काममा दक्ष	120	५९०१७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनीः M8 LADIES BEAUTY SALON COMPANY शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/०७ चलानी नं.: ६०२४७६५५ LT. No.: 333943 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Hairdresser	0	8	सम्बन्धित काममा दक्ष	150	७३७७१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Manicure/pedicure	0	6		150	७३७७१							

कम्पनीः LAMER BEAUTY SALON FOR LADIES शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०४/१७ चलानी नं.: ६०२५९१८० LT. No.: 345980 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	INDOOR CLEANER	0	2	सम्बन्धित काममा दक्ष	120	५९०१७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	HAIRDRESSER	0	36		150	७३७७१							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २५ गते (11 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

Guideline Recruitment Service Pvt. Ltd. Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497, Contact : 9849036098, 9823461212 (Ujjwal Raut), 9704026025, 971-2028603, Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

KUWAIT मा रोजगार

KUWAIT ROYAL MEDICAL SERVICE COMPANY
पुनःविज्ञापन, पूर्व स्वीकृती मितिः २०८२/९/४ चलानी नं. : ६०२४९०१९ LT No.:335334

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Cleaners (Ladies)	0	10	काममा दक्ष	120	५८,५४०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
२.	Hospitality Cleaners	0	2		120	५८,५४०।-							
३.	Reporter	0	3		150	७३,१८०।-							
४.	Store Worker	0	5		130	६३,४२०।-							

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कसले ब्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने रकति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले ब्यहोर्ने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६।- कामदार आफैले	रु. १,५००।- कामदार आफैले	रु. ७,००।- कामदार आफैले	रु.१०,०००।-

अन्तरवार्ता २०८३ कार्तिक २५ गते (11 Nov., 2026) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ।

GULF EMPIRE COMPANY PVT. LTD.
Lic. No.: 1599/079/80
के.एम.सि.-३१, मिनभवन, बानेश्वर, काठमाडौं, फोन नं. ०१-४११५९६०/४११५९६१
सम्पर्क मोबाईल : ९८२३२५७२७१, ९८०१३१५९५९ (शंकर खरेल)
शाखा कार्यालय ईटहरी सम्पर्क : ९८०१०२३८१२, ९८०२०२३८१२
इमेल : gulfempirenepal@gmail.com, वेभसाइट : www.gulf-empire.com

साइप्रसमा रोजगार

कम्पनी : EUROASIA HUMAN RESOURCES P.E.AGENCY -509 शहर : NICOSIA
पूर्व स्वीकृत मिति : २०८३/०४/१७ चलानी नं.: ६०२५५१९२ LT. No.: 345919 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब EUR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	DOMESTIC WORKER	0	24	स. काममा दक्ष	400	६८,००४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : C. & C. PRIVATE EMPLOYMENT AGENCY-LIC. NO.310 शहर : PAPHOS
पूर्व स्वीकृत मिति : २०८३/०४/२२ चलानी नं.: ६०२५९४६५ LT. No.: 346270 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब EUR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	DOMESTIC WORKER	0	24	स. काममा दक्ष	400	६८,००४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २५ गते (11 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,०००

KALINCHOK H. R. PVT. LTD.
License No.: 1406/074/075
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal.
Tel: 01-4980649/9701012533 /9801081748 /9851136852 Email: info@kalinchokhr.com.np

युएईमा रोजगार

कम्पनीः FLY ACCESS TECHNICAL SERVICE शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८३/०४/०४ चलानी नं.: ६०२५८४२८ LT. No.: 345183 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Carpenter	1	0	सम्बन्धित काममा दक्ष	1500	६१,८९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Building Electrician	1	0		1500	६१,८९०							
3.	Air Conditioning Mechanic Assistant	1	0		1500	६१,८९०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २५ गते (11 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
Tokha-5, Basundhara Kathmandu, Tel.: 01-4956654, 4955978,
Prakash Paudel Contact No : 9849664971,
Email: info@linknepalmanpower.com
ISO 9001 : 2015

कुवेतमा रोजगार

Al Alhea Circle Cleaning Company
पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८१/१२/१ चलानी नं. ६०२३४४२३ LT# 320184

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	नेरू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Cleaners (Indoor)	3	0	काममा दक्ष	85	४१,५१०।-	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ		२ वर्ष

पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८२/२/१३ चलानी नं. ६०२३८६२० LT# 324674

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	नेरू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Cleaners (Indoor)	3	00	काममा दक्ष	85	४१,५१०।-	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ		२ वर्ष
२.	Driver Light	10	00		140	६८,३६५।-							

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कसले ब्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने रकति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले ब्यहोर्ने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६।- कामदार आफैले	रु. १,५००।- कामदार आफैले	रु. ७,००।- कामदार आफैले	रु.१०,०००।-

अन्तरवार्ता २०८३ कार्तिक २५ गते (11 Nov., 2026) यस प्रा. लि. को कार्यालय तिनकुने काठमाडौंमा हुनेछ।

बैभव ओभरसिज प्रा. लि. श्रम इजाजत नः ३७३/०५९/६०
आलोकनगर, तिनकुने (Premier कलेजको छेउमा), फोन : ०१-४१०६२६४, ४१०६२६५
९७०७९३५१७६, ९७४५९४२०८७, ९८२३२५४८७७, E-mail : baibhav.ovs@gmail.com
Contact Person : 9745942087 (Chintan Libang)

युएईमा रोजगार

कम्पनी : CLASS WORLDWIDE CAR RENTALS LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८३/०७/१७ चलानी नं.: ६०२६३०१७ LT. No.: 350114

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners	7	0	स. काममा दक्ष	1000	४१,२६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २७ गते (13 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

GSO GRAND SHIKHAR OVERSEAS PVT LTD
Lic. No: 756/064/065
Lazimpat, Kathmandu, Tel: +977-1-4516940 (6 Lines),
Contact No : 9841786714 (Sushila Kumari Poudel), Web: gso@grandshikhar.com

बहराइनमा रोजगार

कम्पनी : ELITE FACILITY MANAGEMENT CO.S.P.C शहरः Bahrain
पूर्व स्वीकृत मितिः २०८२/०५/१९ चलानी नं.: ६०२४४४५१ L.T. No.: 330587 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब BD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner General	82	0	सम्बन्धित काममा दक्ष	100	४०,१४६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	General Worker(Cleaning Sector)	50	0		100	४०,१४६							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २७ गते (13 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००

EASY OVERSEAS PVT. LTD.
Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539
Contact No : +977 9818986538, Email : info@easyoverseasnp.com

मलेसियामा रोजगार

कम्पनी : KONSULTAN KHIDMAT SETIA SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८३/०७/१७ चलानी नं.: ६०२६३००५ L.T. No.: 349718

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Male Security Guard	20	0	स. काममा दक्ष	1700	६३,२९१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २५ गते (11 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २९५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

गौरी शंकर ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५५८/०६२/०६३
सुकेधारा-४, काठमाडौं, नेपाल, फोनः ४४१८३५३, ४४१८३०३
E-mail : info@gsoverseas.com.np, Web.: www.gsoverseas.com.np

गा.हु.का.द.नं. ३३/०६९/०७०

१८ कार्तिक २०८३ बुधबार
4 November 2026 Wednesday



*काठमाडौंको भृकुटीमण्डपमा तिहारलाई लक्षित गर्दै आयोजना गरिएको पुष्पमेलामा सजाइएको स्टल, मेलामा ६३ वटा नर्सरी व्यवसायीका स्टल रहेका छन् । **तस्बिर : नेपाल फोटो लाइब्रेरी***

सिटिजन्स बैंकको देवीघाट शाखा बट्टारमा स्थानान्तरण

काठमाडौं/मस– भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट क्षति पुगेको सिटिजन्स बैंकको नुवाकोटस्थित देवीघाट शाखाको सेवा अब बट्टारबाट सञ्चालन हुने भएको छ ।

बैंकले विदुर नगरपालिका-२ बट्टारमा नयाँ शाखा सञ्चालनमा ल्याएको हो । यसअघि सञ्चालनमा रहेको देवीघाट शाखाबाट बट्टार शाखा करिब ७ किलोमिटरको दूरीमा रहेको बैंकले जनाएको छ । बट्टारमा आयोजित एक कार्यक्रमबीच बैंकका प्रमुख



कार्यकारी अधिकृत गणेशराज पोखरेलले नयाँ शाखाको उद्घाटन गरे । उद्घाटन कार्यक्रममा पोखरेलले देवीघाट शाखा पूर्ण रूपमा क्षति भएपछि स्थानीय ग्राहकलाई सहज र गुणस्तरीय बैंकिङ सेवा उपलब्ध गराउन बट्टारमा नयाँ शाखा सञ्चालनमा ल्याइएको बताए । भदौ १० गते आएको बाढीले देवीघाट शाखामा पूर्ण रूपमा क्षति पुऱ्याएको थियो । शाखामा कार्यरत सबै कर्मचारी भने सुरक्षित रहन सफल भएका थिए । नयाँ शाखामार्फत बैंकले व्यक्तिगत तथा व्यावसायिक ग्राहकलाई आवश्यक पर्ने सम्पूर्ण रिटेल बैंकिङ सेवा उपलब्ध गराउने जनाएको छ । साथै, साना तथा ठुला व्यवसायीलाई वित्तीय सेवाको पहुँच विस्तार गर्ने बैंकको लक्ष्य रहेको छ ।

पुल्चोकमा इन्फिनिक्सको नेपालमै पहिलो ब्रान्ड स्टोर

काठमाडौं/मस– स्मार्टफोन ब्रान्ड इन्फिनिक्सले नेपालकै पहिलो आधिकारिक ब्रान्ड स्टोर सञ्चालनमा ल्याएको छ । ललितपुरको पुल्चोकमा नयाँ स्टोर खोलेको हो ।

इन्फिनिक्स स्टोरको उद्घाटन नेपालका ब्रान्ड एम्बेसडर तथा राष्ट्रिय क्रिकेट खेलाडी दीपेन्द्र सिंह ऐरीले गरे । इन्फिनिक्स ब्रान्ड स्टोर ग्राहकलाई नयाँ र विशेष ब्रान्ड अनुभव प्रदान गर्ने उद्देश्यले सञ्चालनमा ल्याइएको कम्पनीले जनाएको छ । यस स्टोरमा ग्राहकले इन्फिनिक्सका पछिल्ला स्मार्टफोन प्रत्यक्ष रूपमा हेर्न, तिनमा उपलब्ध नयाँ प्रविधिको अनुभव लिन तथा आफ्नो आवश्यकताअनुसार उचित



परामर्श प्राप्त गर्न सक्नेछन् । आकर्षक डिजाइन, आधुनिक प्रविधि र दमदार कार्यक्षमतासहितका इन्फिनिक्सका विभिन्न स्मार्टफोन एउटै छानामुनि उपलब्ध हुने कम्पनीले जनाएको छ ।

नेपालकै पहिलो इन्फिनिक्स ब्रान्ड स्टोरको सञ्चालनले नेपाली बजारमा आफ्नो उपस्थिति थप बलियो बनाउँदै ब्रान्डका नयाँ उत्पादन तथा प्रविधि ग्राहकमाझ सहज रूपमा पुऱ्याउने इन्फिनिक्सको योजनालाई थप गति दिनेछ ।

नयाँ स्टोरमार्फत ग्राहकले स्मार्टफोनका विशेषता प्रत्यक्ष रूपमा बुझ्न र आफ्नो आवश्यकता तथा रुचिअनुसार सही उत्पादन छनोट गर्न सक्नेछन् । इन्फिनिक्सले नेपालभरका प्रविधिप्रेमी तथा स्मार्टफोन प्रयोगकर्तासँग अझ नजिकको सम्बन्ध स्थापित गर्दै नवीन प्रविधि, आकर्षक डिजाइन र उत्कृष्ट प्रयोग अनुभवलाई सबैको पहुँचमा पुऱ्याउने आफ्नो यात्रालाई निरन्तरता दिने विश्वास लिएको छ ।

‘लगानी विकेन्द्रीकरणबाट विकास’

मध्यान्ह संवाददाता
काठमाडौं, १७ कात्तिक

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टले विकास र लगानीलाई एउटै क्षेत्रमा केन्द्रित गर्ने पुरानो शैलीले मुलुकलाई ठुलो आर्थिक र भौतिक जोखिममा पारेको बताएका छन् । अब लगानी र विकास कार्यक्रमलाई देशव्यापी रूपमा विकेन्द्रीकरण गर्नुपर्ने उनको भनाइ छ । नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले मंगलबार राजधानीमा आयोजना गरेको ‘नेपालमा योजनादेखि समृद्धि-सुदृढीकरण सार्वजनिक लगानी व्यवस्थापन’ विषयक कार्यक्रममा बोल्दै उपाध्यक्ष डा. भट्टले योजना आयोगले आगामी २५ वर्षका लागि ‘नेपाल विकास दृष्टिकोण’ तर्जुमा गर्ने गृहकार्य गरिरहेको जानकारी दिए । विगतमा ७-८ प्रतिशतसम्म आर्थिक वृद्धि हासिल भएको स्मरण गराउँदै उच्च वृद्धिका लागि निजी क्षेत्र, प्राज्ञिक वर्ग र सरकारबीच निरन्तर संवाद आवश्यक रहेकोमो जोड दिए ।

लगानी एकै ठाउँ केन्द्रित गर्दा हालैको बाढीपहिरोले जलविद्युत् क्षेत्रमा सबैभन्दा बढी क्षति पुऱ्याएको उल्लेख गरे । ‘एउटै खोलामा १३-१४ वटासम्म हाइड्रोपावर बनाउँदा विपद् आउँदा सबै आयोजना एकसाथ बगाउने र ठुलो क्षति हुने देखियो,’ उनले भने, ‘निजी वा सरकारी जुनसुकै लगानी होस्, अब विकेन्द्रीकृत र विविधीकृत गर्नैपर्छ ।’ उनका अनुसार कुनै पनि आयोजनामा लगानी गर्दा वातावरणीय जोखिम, सामाजिक प्रतिफल र आर्थिक प्रतिफल अनिवार्य रूपमा हेर्नुपर्छ ।

निजी क्षेत्र र सरकारबीच प्रतिस्पर्धा होइन, सहकार्य हुनुपर्ने डा. भट्टको धारणा छ । सार्वजनिक लगानीको प्रभावकारितामा जोड दिँदै उनले बजार असफल भएको अवस्थामा मात्र सरकारले हस्तक्षेप गर्नुपर्ने बताए । नेपालले भू-राजनीतिक तनावका कारण पेट्रोलियम मूल्यमा उतारचढाव, जलवायु परिवर्तन र आर्टिफिसियल इन्टेलिजेन्स(एआई) गरी तीन ठुला चुनौती झेलिरहेको उनको भनाइ छ । प्रादेशिक असमानतातर्फ संकेत गर्दै उनले बागमती प्रदेशको प्रतिव्यक्ति आय करिब २ हजार ६ सय डलर हुँदा कर्णाली, मधेस र सुदूरपश्चिममा १ हजारदेखि १ हजार १ सय डलर मात्र रहेको जानकारी दिए । यो खाडल पुर्न निजी लगानी मोफसलसम्म विस्तार गर्नुपर्ने उनको जोड थियो ।

कार्यक्रममा ‘नेपालमा सार्वजनिक लगानी, रणनीतिक प्राथमिकता, वित्तीय



छनोट र विकास परिणाम’ विषयमा कार्यपत्र प्रस्तुत गर्दै नेपाल सरकारका पूर्वमुख्यसचिव डा. वैकुण्ठ अर्यालले सरकारले बाटो बनाउने र गाडी निजी क्षेत्रले कुदाउने स्पष्ट सीमारेखा कोर्नुपर्ने बताए । ‘सडक सरकारले बनाउँछ, तर गाडी निजी क्षेत्रले कुदाउँछ । सरकारले ट्राफिक, नियमन र सुरक्षा मात्र हेर्ने हो,’ उनले भने । सरकार आफैं व्यापार गर्न लाग्दा न आधारभूत पूर्वाधार बन्न सकेको, न निजी क्षेत्रले ढुक्कसँग काम गर्न पाएको उनको भनाइ थियो ।

पूर्वमुख्यसचिव डा. अर्यालका अनुसार नेपालजस्तो कमजोर पूर्वाधार भएको मुलुकमा कुल गार्हस्थ उत्पादन (जिडिपी) को कम्तीमा ८ देखि १२ प्रतिशत पूर्वाधारमा लगानी हुनुपर्नेमा हाल ४ देखि ५ प्रतिशत मात्र खर्च भइरहेको छ । विगत ५१ वर्षको तथ्यांक प्रस्तुत गर्दै उनले नेपाल लामो समयदेखि न्यून आर्थिक वृद्धिको दुष्चक्रमा फसेको बताए । यस अवधिमा औसत वृद्धिदर ४.२७ प्रतिशत मात्र रहेको र एक वर्ष मात्र दोहोरो अंकको वृद्धि देखिएको उल्लेख गरे । खुला बजार नीतिपछि जिडिपीमा उद्योगको योगदान २१ प्रतिशतसम्म पुगेकोमा अहिले उत्पादनमूलक उद्योगको अंश ५ प्रतिशतभन्दा तल झरेको उनले बताए । सेवा क्षेत्र ६० प्रतिशतभन्दा माथि भए पनि उत्पादकत्व कमजोर रहेको तथ्यांक प्रस्तुत गरे ।

देशमा ४५ सार्वजनिक संस्थानमध्ये १६ वटा घाटामा छन् । जनकपुर चुरोट कारखाना बन्द भएको ११ वर्ष बितिसक्दा पनि दायित्व बाँकी रहेको र २०२१ सालमा खुलेको नेपाल मेटल कम्पनीले अहिलेसम्म उत्पादन नगरी दायित्व मात्र बोकेको बताए । ‘दसैं आउनासाथ संस्थानका कर्मचारीलाई तलब र खर्च खुवाउन ऋण माग्नेको भिड अर्थ मन्त्रालयमा लाग्छ । यो परिपाटी बन्द हुनुपर्छ,’ उनले भने । रणनीतिक, सुरक्षा र आधारभूत सेवाबाहेक व्यापारिक प्रकृतिका रुग्ण संस्थान सरकारले चलाइरहनुको औचित्य नरहेको उनको तर्क थियो ।

सरकार व्यवसायमा हात नहाली नीति र नियमनलाई चुस्त बनाउन चारबुँदे सुझाव दिए । सरकारको उपस्थिति कम तर, बलियो नियमन नै पहिलो आवश्यकता हो । दोस्रोमा सबै आयोजनालाई एउटै डालोमा नराखी क्षेत्रगत प्राथमिकता तोक्नुपर्ने र एकपटक तोकेपछि ५ वर्षसम्म त्यसैमा अडिग रहनुपर्नेछ ।

तेस्रो, लगानीमैत्री सोचमा सुधार आवश्यक रहेको छ । ‘कानुन बनाउँदा एकजना गलत व्यक्तिलाई समात्न ९९ जना असल लगानीकर्तालाई दुःख दिने मानसिकता त्याग्नुपर्छ,’ उनले भने । चौथो, संघीयतामा देखिएको दोहोरोपन तत्काल अन्त्य गर्नुपर्नेछ । संघ, प्रदेश र स्थानीय तहबीच एउटै प्रकृतिका काममा छुट्टाछुट्टै कार्यालय र ससर्त अनुदानको दोहोरोपन हटाउनुपर्नेमा जोड दिए ।

बन्द सरकारी उद्योग चलाउनुअघि पुनर्संरचना अनिवार्य

कार्यक्रमको समूह छलफलमा सहभागी उद्योगी शशिकान्त अग्रवालले बन्द रहेका हेटौंडा कपडा, बुटवल धागो र वीरगन्ज चिनी कारखानाजस्ता रुग्ण सरकारी उद्योग फेरि चलाउनुअघि त्यसको पुनर्संरचना गर्नुपर्ने बताए । अहिलेको सरकारले बन्द उद्योग सञ्चालन गर्ने घोषणा ‘राजनीतिक स्टन्ट’ मात्र भएको उनको भनाइ छ । ‘सार्वजनिक लगानीको प्रभावकारिता : आयोजना छनोट, संस्थानको सञ्चालन सम्भाव्यता र जवाफदेहिता’ विषयक छलफलमा अन्य सहभागीले पनि पुनर्संरचना अनिवार्य रहेकोमा जोड दिए । रिलायन्स स्पिनिङ मिल्सका निर्देशकसमेत रहेका शशिकान्त अग्रवालले पुराना मेसिनमा थप सरकारी लगानी गर्नु अपराधसरह भएको बताए । ‘हेटौंडा कपडा उद्योगका पुराना मेसिन १६० आरपिएममा चल्छन्, आज निजी क्षेत्रका अत्याधुनिक मेसिन २ हजार आरपिएममा चल्छन्,’ उनले भने । वीरगन्ज चिनी मिलको दैनिक क्षमता ६ टन मात्र रहेकोमा आधुनिक मिलको क्षमता ५ हजार टन रहेको जानकारी दिए । निजी क्षेत्र सक्षम भइसकेकोले कपडा, धागो र चिनीजस्ता क्षेत्रमा सरकारले प्रतिस्पर्धा गर्न नहुने उनको भनाइ छ । बन्द उद्योगका जग्गालाई पार्क वा उपयोगी सार्वजनिक संरचनामा बदल्न सुझाव दिए । समूह छलफलमा सहभागी समृद्धि फाउन्डेसनकी सहसंस्थापक तथा अनुसन्धान निर्देशक अर्पिता नेपालले सार्वजनिक लगानीको स्पष्ट कानुनी परिभाषा नै नभएको बताइन् । ‘संस्थानहरू खोल्दा नै निजी क्षेत्र आएपछि सरकार बाहिरिने सर्त राखिनुपर्थ्यो,’ उनले भनिन् । इन्डोनेसियाको जस्तै रुग्ण संस्थानको सम्पत्ति व्यवस्थापन कम्पनी खडा गरी कर्मचारीलाई सेयर दिएर विनिवेश गर्न सकिने उनको सुझाव थियो । संस्थान सुधारको थालनी राजनीतिक दलहरूको पारदर्शी चुनावी फन्डिङबाट हुनुपर्ने उनले बताइन् । बाहिरका मोडल हुबहु नक्कल नगरी नेपालको यथार्थअनुसार व्यवस्थापन गर्नुपर्नेमा उनको जोड थियो ।

नेपाल औषधि लिमिटेडका पूर्वमहाप्रबन्धक कैलाशकुमार पनेरूले उद्योग मन्त्रालय मातहत रहेको संस्थानको खरिद र नियमन स्वास्थ्य मन्त्रालयसँग जोडिँदा एउटा समझदारी गर्नै ७ महिना धाउनुपरेको बताए । निजी कम्पनीले डाक्टरलाई उपहार र कमिसन दिएर बजार लिने भए पनि कोभिड र डेंगुका बेला सिटामोल र जीवनजलको अभाव हुन नदिन औषधि लिमिटेड नै अगाडि आएको उनले स्मरण गरे । ‘वीर अस्पतालमा ३९० रुपैयाँ पर्ने हेमोडायलासिस फ्ल्युड हामीले ३५० रुपैयाँमा दिएर सिन्डिकेट तोडेका थियौं,’ उनले भने । जनस्वास्थ्य सुरक्षाका लागि संस्थानलाई मन्त्रालयको हस्तक्षेपबाट मुक्त राखी व्यावसायिक स्वायत्तता दिनुपर्ने उनको सुझाव छ ।

पोखरा–मुग्लिन सडक स्तरोन्नति अन्तिम चरणमा

कास्की/रासस– पृथ्वी राजमार्गअन्तर्गत पोखरा-मुग्लिन सडक स्तरोन्नतिको काम अन्तिम चरणमा पुगेको छ । सडकको पश्चिम खण्ड (पोखरा-जामुने)को भौतिक प्रगति ८६ प्रतिशत पुगेको आयोजना कार्यालयले जनाएको छ । पूर्वी खण्ड (जामुने-मुग्लिन)को काम पूरा गरी निर्माण कम्पनीले सडक हस्तान्तरण गरिसकेको यस खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले बताए । ‘सडक विस्तार तथा स्तरोन्नतिको काम सकिएर त्रुटि सच्चाउने अवधि (डिएलपी) सुरु भइसकेको छ,’ उनले भने, ‘ डिएलपीपछि थप पाँच वर्षसम्म सडक मर्मतसम्भारको जिम्मा पनि निर्माण कम्पनीकै रहन्छ ।’ इन्जिनियर पाण्डेका अनुसार कुल ४१.४५ किमि दूरीको यस खण्डमा दमौली र डुम्रे बजारमा गरी करिब दुई किमि सडक ६ लेन र अन्यत्र चार लेनमा विस्तार तथा स्तरोन्नति गरिएको छ । पूर्वी खण्डमा साना-ठुला गरी १७ वटा पक्की पुल निर्माण भएको उनले बताए ।

तनहुँको मादी नदीमा बन्ने ‘सिग्नेचर’ पुल भने छुट्टै ठेक्कामार्फत निर्माण भइरहेको इन्जिनियर पाण्डेले बताए । पाँच दशकअघि बनेको यो सडक विस्तार तथा स्तरोन्नतिको काम विसं २०७८ वैशाखदेखि सुरु भएको थियो । निर्माण कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले ६ अर्ब २१ करोड ३१ लाख रुपैयाँमा पूर्वी खण्ड निर्माणको जिम्मा पाएको थियो । गण्डकी प्रदेशको ‘लाइफलाइन’का रूपमा रहेको यो सडक स्तरोन्नति भएसँगै संघीय राजधानी काठमाडौं, चितवनलगायत गन्तव्यबाट पोखरासम्मको यातायात सेवा सहज बनेको छ । निर्माणको चरणमा खेपेको धुलो र हिलोको सास्तीलाई बिर्सँदै सर्वसाधारणले चार लेनको फराकिलो सडकमा यात्रा गर्न पाएका छन् । आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)का प्रमुख इन्जिनियर कृष्णबहादुर कुँवरले आगामी मंसिरभित्र काम सक्ने



लक्ष्य लिइएको बताए । ‘पश्चिम खण्डको काम पनि अन्तिम चरणमा पुगेको छ, झन्डै पाँच किमिजति सर्भिस लेन कालोपत्र गर्न बाँकी छ,’ उनले भने, ‘रोड मार्किङ, ट्राफिक संकेत चिह्न राख्नेदेखि सडक सुरक्षासँग सम्बन्धित काम धमाधम भइरहेको छ ।’

पोखरा महानगरपालिका-१० अमरसिंहचोकदेखि सेती पुलसम्म, तालचोक र बुढीबजार क्षेत्रमा सर्भिस लेन कालोपत्रेका लागि तयारी भइरहेको इन्जिनियर कुँवरले बताए । निर्माणको काम सकिएपछि पश्चिम खण्डमा पनि एक वर्षसम्म त्रुटि सच्चाउने अवधि (डिएलपी) को चरण रहने उनले बताए । ‘सडक हस्तान्तरण गरेपनि ठेक्का सम्झौताअनुसार एक वर्षसम्म डिएलपी र पाँच वर्षसम्म मर्मतको काम निर्माण कम्पनीले नै गर्छ,’ उनले भने । कुल ३८.८८ किमि दूरीको पश्चिम खण्डमा १८.५ किमि दूरीमा छ लेन र बाँकीमा चार लेनको सडक निर्माण भएको इन्जिनियर कुँवरले बताए ।

‘पश्चिम खण्डमा सहरी क्षेत्र बढी भएकाले ६ लेनमा सडक विस्तार गरिएको हो,’ उनले भने, ‘तनहुँतर्फ दुलेगौंडा र खैरेनीटारमा पनि ६ लेन सडक निर्माण भएको छ ।’ यस खण्डमा पर्ने १३ पुलमध्ये १२ वटा पुल निर्माण भइसकेका छन् । पोखराको सेती नदीको ‘सिग्नेचर’ पुल भने छुट्टै ठेक्कामार्फत निर्माण भइरहेको हो ।

तनहुँको जामुनेदेखि पर्यटकीय राजधानी पोखरा जोड्ने पश्चिम खण्डमा विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले सात अर्ब ४० करोड ४६ लाख रुपैयाँमा पश्चिम खण्डको ठेक्का पाएको थियो । कुल ८१ किमि दूरीको पोखरा-मुग्लिन सडक एसियाली विकास बैंकको ऋण सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम गरिएको हो ।

पल्सर आरपिएम पोखरामा ३ हजारभन्दा बढी दर्शक

काठमाडौं/मस- बजाज पल्सरको युवाकेन्द्रित कार्यक्रम ‘पल्सर आरपिएम’को पोखरा संस्करण ३ हजारभन्दा बढी दर्शकको उत्साहजनक सहभागितासहित सम्पन्न भएको छ । पोखरा रंगशालास्थित अन्नपूर्ण स्केट पार्कमा आयोजित कार्यक्रममा मोटरसाइकल स्टन्ट, क्यालिस्थेनिक्सप्रतियोगिता,बिएमएक्स, स्केटबोर्डिङ, ब्रेकिङ, ग्राफिटी तथा विभिन्न मनोरञ्जनात्मक गतिविधि प्रस्तुत गरिएको आयोजकले



जनाएको छ ।

कार्यक्रममा पल्सर एन१६० मार्फत प्रस्तुत गरिएका रोमाञ्चक मोटरसाइकल स्टन्टले दर्शकको ध्यान आकर्षित गरेको थियो । त्यस्तै, फ्रिस्टाइल र स्ट्याटिक्स विधामा आयोजित क्यालिस्थेनिक्स प्रतियोगितामा खेलाडीहरूले आफ्नो शारीरिक क्षमता, सन्तुलन र कौशल प्रदर्शन गरेका थिए । अवार्ड विजेता खेलाडीको सहभागिताले प्रतियोगितालाई थप आकर्षक बनाएको थियो । पल्सर आरपिएमका स्टन्ट राइडर रविन श्रेष्ठले पोखरेली दर्शकको उत्साह र साथप्रति आभार व्यक्त गरे । उनले भने, ‘पोखरा, तपाईंहरूले दिनुभएको माया र साथका लागि धेरै धन्यवाद । तपाईंहरूको उत्साह र समर्थनले हरेक प्रस्तुतिलाई अझ विशेष बनाएको छ । यो केवल एउटा सो नभई सपना देख्ने, आफ्नो प्रतिभा प्रस्तुत गर्ने र एक-अर्कालाई साथ दिने सबैको साझा उत्सव हो ।’

काठमाडौं र बुटवलमा सफल आयोजना भइसकेको पल्सर आरपिएमको पोखरा संस्करणले स्थानीय प्रतिभा र युवा समुदायलाई एउटै मञ्चमा जोड्दै नेपालमा स्ट्रिट कल्चर तथा एक्सन स्पोर्ट्सको विकासमा योगदान पुऱ्याउने उद्देश्यलाई थप बलियो बनाएको आयोजकले जनाएको छ ।



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**